**शहीदहरूप्रति सम्मान गरौं**

- शहीदहरू राष्ट्रिय गौरव हुन्,
- शहीदहरूको बलिदान र योगदानको स्मरण गरौं,
- शहीदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- शहीदहरूको सपना पूरा गर्न इमानदार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपाली एकसाथ जुटौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com






निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३८ ❖ २०८१ माघ १६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 29 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५२


## धान, गहुँ, मकै खेतीको उत्पादन बढ्यो
## उखु र आलु उत्पादनमा केही ह्रास

नितेश कर्ण, वीरगंज, १५ माघ/

कृषि ज्ञान केन्द्र, पर्साले जिल्लामा गत आर्थिक वर्षको तुलना चालू आवमा गहुँ, धान, मकै खेतीमा वृद्धि भएको जनाएको छ।

केन्द्रका प्रवक्ता उमेश थापाले गत आवको तुलनामा चालू आवमा धान, मकै, गहुँ, कोदो, जौं आदि अन्नबालीका साथै तेलहनमा तोरी, सर्स्यूं, रायो, सूर्यमुखी, तिल, बदाम, आलस खेतीमा वृद्धि भएको जनाएको छ।




गत आव पर्सा जिल्लामा ४७ हजार १३० हेक्टरमा धानखेती गरिएको र एक लाख ९९ हजार ४७ मेट्रिक टन धान उत्पादन भएकोमा चालू आवमा ४७ हजार २५० हेक्टरमा धानखेती गरिएको र त्यसबाट दुई लाख दुई हजार १३० मेटन धान उत्पादन भएको बताए।

यसैगरी, गत आवमा २६ हजार ६५ हेक्टरमा गहुँखेती गरिएकोमा ९७ हजार ६१२ मेटन उत्पादन भएको र चालू आवमा २६ हजार १७५ हेक्टरमा गहुँखेती गरिएकोमा ९८ हजार २१५ मेटन उत्पादन भएको बताए।

यसैगरी, मकैखेती चार हजार १८९ हेक्टरमा गरिएको र १७ हजार १६६ मेटन उत्पादन भएकोमा चालू आवमा चार हजार २२० हेक्टरमा मकैबाली लगाइएकोमा १७ हजार ३७६ मेटन मकै उत्पादन भएको बताए।

गत आवमा धान, मकै, गहुँ, कोदो, जौं गरी जम्मा ७० हजार ४५५ हेक्टर क्षेत्रफलमा खेती भएको र तीन लाख १३ हजार ९१२ मेटन उत्पादन भएकोमा चालू आवमा ७७ हजार ७१९ हेक्टरमा खेती भएको र तीन लाख १७ हजार ८१३ मेटन उत्पादन भएको बताए। गत आवमा सात हजार ३५७ हेक्टरमा तोरी, सर्स्यूं, रायो, सूर्यमुखी, तिल, बदाम, आलसको खेती गरिएको र आठ हजार ४३ मेटन उत्पादन भएकोमा चालू आवमा सात हजार ४६९ हेक्टरमा खेती गरिएको र आठ हजार २६० मेटन उत्पादन भएको बताए।

यसैगरी, गत आवको तुलनामा उखु र आलुखेती केही घटेको छ। गत आव तीन हजार ९०० हेक्टरमा उखुखेती गरिएको र एक लाख ७९ हजार ४०० मेटन उत्पादन भएकोमा चालू आवमा तीन हजार ९६० हेक्टरमा उखुखेती गरिएकोमा एक लाख ८१ हजार २०० मेटन उत्पादन भएको उनले बताए। यसैगरी, गत आवमा आलु दुई हजार ५६२ हेक्टरमा लगाइएको र ४२ हजार ४९९ मेटन उत्पादन भएकोमा चालू आवमा दुई हजार ६१२ हेक्टरमा लगाइएको र ४२ हजार ६९९ मेटन उत्पादन भएको बताए।

यसैगरी, सुर्तीखेती गत आवमा २५० हेक्टरमा गरिएको र ६७५ मेटन उत्पादन भएको उनले बताए। चालू आवको सुर्तीखेती अहिले उत्पादनकै क्रममा छ। मसला खेतीमा गत आवमा अदुवा, लसुन, बेसार, खुर्सानी गरी कुल ५४५ हेक्टरमा लगाइएको र चार हजार १८९ मेटन उत्पादन भएको थियो। चालू आवमा ५५२ हेक्टरमा खेती गरिएको र दुई हजार ४४६ मेटन उत्पादन भएको प्रवक्ता थापाले बताए।

## स्वच्छता अभियानका ठेकेदारद्वारा भुक्तानी माग
## पूर्वाधार कार्यालय अक्क न बक्क, योजनाहरू अत्रपत्र

प्रस, वीरगंज, १५ माघ/

मधेस प्रदेश सरकारले सञ्चालनमा ल्याएको मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पर्सा र बाराका आठवटा पोखरी सौन्दर्यीकरणका लागि ठेक्का पाएका ठेकेदारहरूले काम गरेकाबापतको रकम माग गर्न थालेपछि अहिले पूर्वाधार कार्यालयमा तनाव फिंजिएको छ।



मुर्ली, नगवा र छिपहरमाई पोखरी सौन्दर्यीकरणका आधा–अधूरा निर्माण कार्य। तस्वीरः फाइल

केही दिनअगाडि जिल्ला प्रशासन कार्यालय, पर्साले पर्सामा सो अभियान अन्तर्गत अलपत्र योजनाहरूको पहिचान तथा अधूरो निर्माण कार्यका कारणबारे आयोजित बैठकमा ठेकेदारहरूले प्रश्न उठाएका छन्। ठेकेदारहरूले काम गर्न इच्छुक भएपनि प्रदेश सरकारले रकम पनि नपठाउने र म्याद पनि नथप्नु मुख्य समस्या भएको बताएका छन्।

मुख्यमन्त्री स्वचछता अभियान अन्तर्गत वीरगंज महानगर–१६ को नगवा पोखरीको सौन्दर्यीकरण गर्न रु १० करोड एक लाख ३० हजारमा परेरा/रञ्जन जेभी, ललितपुरले सन् २०१९ जून ५ मा ठेक्का सकार गरेर सम्झौता गरेको थियो। सम्झौता गरे अनुसार गत २०७८ वैशाख १४ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा अहिलेसम्म यो पोखरीको कार्यप्रगति केवल ३९.७४ प्रतिशत मात्र रहेको छ।

यो एउटा उदाहरण हो, यस्तै अन्य योजनाहरू पनि अलपत्रमा परेका छन्। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले आफ्नै सक्रियतामा गरेको बैठकमा ठेकेदारहरूले रकम अभावमा आफूहरूले निर्माण कार्य सम्पन्न गर्न नसकेको बताए।

भौतिक पूर्वाधार कार्यालय, पर्साका प्रमुख लालबाबू रायले निर्माण कार्य सम्पन्न गर्न ठेकेदारहरू इच्छुक भएपनि रकम निकासा नभएको बताए। उनले विगत दुई वर्षदेखि ती सबै योजनाका लागि प्रदेश सरकारले एक सुको पनि नपठाएको बताए। नगवा पोखरीमा अहिलेसम्म तीन करोड ९७ लाख सात हजार ५७६ रुपैयाँ खर्च भइसकेको उनले बताए। यसैगरी, सोही समयमा वीरगंज महानगर–१२ मुर्ली पोखरीको सौन्दर्यीकरणको लागि १० करोड ४३ लाख १७ हजार रुपैयाँमा परेरा/रञ्जन जेभी, ललितपुरले नै ठेक्का सकार गरेको थियो। यो ठेक्काको सम्झौता अवधि पनि २०७८ वैशाख १४ मा सकिसकेको छ। तर कार्यप्रगति ६७.८५ प्रतिशत मात्र छ भने सात करोड सात लाख एक हजार ५६० रुपैयाँ खर्च भइसकेको छ। बाराको सिम्रौनगढ नगरपालिकामा इशरा पोखरीको सौन्दर्यीकरणको लागि सन् २०१९ डिसेम्बर ३० मा आरजे/रञ्जन जेभी, मिर्जापुर, पर्साले छ करोड ९४ लाख तीन हजार १९९ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। यो सम्झौताको अवधि पनि २०७८ वैशाख १४ मा सकिएको छ। तर यसको कार्यप्रगति भने केवल २८.४ प्रतिशत मात्र छ। ठेकेदार कम्पनीले सो कार्यबापत एक करोड ९९ लाख ६८ हजार ९७८ रुपैयाँ भुक्तानी लिइसकेको छ। पर्साको छिपहरमाई गाउँपालिकास्थित छिपहरमाई पोखरीको सौन्दर्यीकरणको लागि परेरा/रञ्जन जेभी, ललितपुरले १० करोड ४४ लाख ६३ हजार १८० रुपैयाँमा ठेक्का सकार गरेको थियो। तर यसको कार्यप्रगति पनि २०.५४ प्रतिशत मात्र छ। ठेकेदारले यति कार्य गरेबापत दुई करोड १४ लाख ६१ हजार ५४ रुपैयाँ भुक्तानी लिइसकेको छ भने यसको ठेक्का अवधि पनि २०७८ वैशाख १४ मा समाप्त भइसकेको छ। वीरगंज महानगर–१५ मा रहेको लक्ष्मणवा पोखरीको सौन्दर्यीकरण गर्न २०७७ फागुन १० गते एक करोड ७५ लाख २१ हजार ४१९ रुपैयाँमा सुनकोशी कन्स्ट्रक्शनले ठेक्का सकार गरेको थियो। अहिलेसम्म यो ठेक्काको कार्यप्रगति ७३.२६ प्रतिशत छ र ठेकेदारले सोबापत एक करोड २८ लाख ३६ हजार ५३९ रुपैयाँ भुक्तानी पाइसकेको छ। यो ठेक्काको अवधि पनि समाप्त भइसकेको छ तर कार्य सम्पन्न हुन सकेको छैन। पर्सा जिल्लाकै पटेर्वासुगौलीमा रहेको निचुटा पोखरी सौन्दर्यीकरणको लागि तीन करोड छ लाख ३१ हजार ३५३ रुपैयाँमा नागार्जुन/हेम–सरबासार्की, काठमाडौंले ठेक्का लिएकोमा यसको कार्यप्रगति १०.८ प्रतिशत मात्र छ भने ठेकेदारले ३१ लाख १८ हजार ७४४ रुपैयाँ


(बाँकी पाँचौं पातामा)


## प्रेमिका भेट्न गएका प्रेमीको मृत्यु

प्रस, परवानीपुर, १५ माघ/

प्रेमिकालाई भेट्न गएका प्रेमीको मृत्यु भएको छ। मृत्यु हुनेमा पर्सा, छिपहरमाई गाउँपालिकाको मिर्जापुरका १८ वर्षीय अनिलकुमार यादव रहेका छन्।

गम्भीर घाइते भएका यादवको उपचारको क्रममा एलएस न्युरो अस्पताल, बहुअरी, बारामा हिजो बिहान ६:०४ बजे मृत्यु भएको हो। माघ १३ गते राति करीब ९ बजे वीरगंज–२४ रामगढवा बजरङ्ग हलनजीकै बस्ने प्रेमिकालाई उनको घरमा भेट्न जाँदा निजको घरपरिवारले देखेपछि यादवलाई लखेटेका थिए। घरको छतबाट अर्को छिमेकीको छतमा हाम फालेर भागेका यादव लडेर गम्भीर घाइते भएका थिए।

सोभन्दा अगाडि उनलाई प्रेमिकाका आफन्तजनले नियन्त्रणमा लिएर सोधपूछ गर्दै कुटपिट गरेको मृतकका परिवारजनको आरोप छ। मृतक यादवकी प्रेमिका नाबालिक भएकीले उनको पहिचान गोप्य राखिएको छ। यस घटनामा प्रेमिकासहित यादवलाई कुटपिट गर्ने र लखेट्ने कुल पाँचजनालाई हिरासतमा लिएर ज्यान मुद्दा अन्तर्गत म्याद थप गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए।

यादवलाई लखेट्ने क्रममा लडेर केटीका आफन्तजन वीरगंज–२८ बस्ने राकेश महतो पनि सामान्य घाइते भएका छन्। उनलाई पनि प्रहरीले पक्राउ गरेको छ। केही महीनादेखि प्रेम सम्बन्धमा रहेका दुवैजनाको सम्बन्धबारे केटीको परिवारले थाहा पाएपछि केटालाई षडचन्त्रपूर्वक केटीलाई नै फोन गर्न लगाएर बोलाएपछि सो घटना भएको हुन सक्ने प्रहरीको आशङ्का छ।

## वीरगंज भन्सारको राजस्व गत छ महीनाको तुलनामा वृद्धि

प्रस, वीरगंज, १५ माघ/

वीरगंज भन्सार कार्यालयको राजस्व गत आव २०८०/८१ को तुलनामा चालू आव २०८१/८२ को सोही अवधिमा वृद्धि भएको छ।




वीरगंज भन्सार कार्यालयको तथ्याङ्क अनुसार गत आवको साउनदेखि पुस छ महीनामा कुल लक्ष्यको ६२.२४ प्रतिशत राजस्व सङ्कलन भएको थियो भने चालू आवको सोही अवधिमा ७६.४३ प्रतिशत राजस्व सङ्कलन गरिएको छ। गत आवको तुलनामा चालू आवको छ महीनामा १४.१९ प्रतिशतले राजस्व वृद्धि भएको छ।

चालू आवको समीक्षा अवधिमा पेट्रोलियम पदार्थको आयात १.६४ प्रतिशतले घटेको छ भने फलाम तथा फलामजन्य सामग्रीहरू ०.८४ प्रतिशतले बढेको छ। त्यस्तै, मेशिनरी तथा पार्टपुर्जा १४.६७ प्रतिशत, भटमासको कच्चा तेल २१२.१६, एलोपेथिक औषधि १९.५४, इलेक्ट्रोनिक्स सामग्री, उपकरण र तिनका पार्टपुर्जा ४.७०, यातायात साधन र तिनका पार्टपुर्जा १६.७८, खाद्यान्न ३८.४५, प्लास्टिकका कच्चा पदार्थको २९.१० प्रतिशतले आयात बढेका छन्। त्यस्तै, सबै किसिमका कपडाको ८.२२ प्रतिशतले आयात घटेको देखिएको छ।

तथ्याङ्क अनुसार समीक्षा अवधिमा राजस्व घटेका मुख्य १० वस्तुको तुलनात्मक रकम हेर्दा सूर्यमुखीको कच्चा तेलको आयात ५७.४९ प्रतिशतले घटेको छ भने कोइला ४८.२६, सुर्ती १९.८१, हल्का पेयपदार्थ कन्सर्न ट्रेड ५.७१, कच्चा पाम तेल ३५.०९, अलकत्रा बिटुमिन


(बाँकी पाँचौं पातामा)


## चालू आवको छ महीनामा छ हजार बढीले नागरिकता लिए

नितेश कर्ण, वीरगंज, १५ माघ/

चालू आर्थिक वर्षको छ महीनामा छ हजार १२० जनाले नयाँ नेपाली नागरिकता लिएको जिल्ला प्रशासन कार्यालय, पर्साले जनाएको छ।

सोही अवधिमा नागरिकताको प्रतिलिपि पाँच हजार ९८६ जनाले प्राप्त गरेका छन्। त्यस्तै, १२ जनाले नेपाली नागरिकता परित्याग गरेको जिप्रका, पर्साले जनाएको छ।



जिप्रका, पर्साबाट छ महीनाको अवधिमा तीन हजार ७७१ जनाले राहदानी, १०७ जनाले दलित प्रमाणित, १५६ जनाले जनजाति प्रमाणित, १९१ जनाले नाम र थर फरक भएको परेको प्रमाणित, १३ जनाले जन्ममिति फरक परेको प्रमाणित, एक हजार १७७ जनाले मधेसी प्रमाणित, १५१ जनाले मुस्लिम प्रमाणित गराएका छन् भने १२१ जनालाई नाबालक परिचयपत्र वितरण गरिएको जिप्रका, पर्साले जनाएको छ। यस अवधिमा एउटा पत्रिका दर्ता भएको र ७९ जनाले हातहतियार नवीकरण गराएका छन्। त्यस्तै जिप्रका, पर्सामा २३४ वटा मुद्दा परेकामा २२४ वटाको फछ्र्योट भएको र ठाडो उजूरी एक हजार ४१ वटा परेको जिप्रका, पर्साले जनाएको छ।

### विचारसार र सूक्तिहरू

**जरुरी छैन कि सधैं नराम्रो कर्मका लागि दुःख सहनुपरोस्, कहिलेकाहीं धेरै राम्रो हुनुको पनि मूल्य चुकाउनुपर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# छाडा चौपाया समस्या

**'वीरगंज स्कूल अफ ल'का विद्यार्थीहरूले वीरगंज महानगर क्षेत्रमा छाडा चौपाया नियन्त्रणको माग गर्दै महानगरका प्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् । समस्या महानगरवासीको हो । छाडा चौपायाका कारण अधिकांश नगरवासी आजित छन् । सचेत विद्यार्थीहरूले जनभावनाको प्रतिनिधित्व गर्दै समस्या उठाउनु राम्रो पक्ष हो । महानगरले पनि छाडा चौपाया नियन्त्रणको प्रयास नै नगरेको भने होइन । छाडा चौपाया नियन्त्रणमा लिने र कान्जी हाउसमा राख्ने गरेको छ। यसो गर्दा दूध दिने चौपाया र खसी, बाख्राका धनीहरू मात्रै चौपाया छुटाउन आउने गरेका छन् । महानगरको यो प्रयासले निरन्तरता नपाएको भने पक्कै हो। स्थानीय तहहरूले आफ्नो क्षेत्रका जनताको आवश्यकता र समस्या समाधान गर्न प्रमुख भूमिका खेल्नुपर्छ। छाडा चौपाया, जसले शहरी र ग्रामीण दुवै क्षेत्रमा समस्या छ। यो समस्या अधिकांश पालिकामा सम्बोधन हुन सकेको छैन । पशुधनीहरूले दूध दिने समयमा चौपाया आफ्नो नियन्त्रणमा राख्ने र दूध नदिने भएपछि छाडा छोड्ने गरेका छन्। यो प्रवृत्तिलाई नियन्त्रण गर्न कडा अनुगमन र पशुधनीमाथि कानूनी कारबाहीको व्यवस्था गर्नुपर्छ।**

**छाडा चौपायाले वीरगंजजस्तै नेपालका अन्य शहरी क्षेत्रहरूमा पनि सडकमा ट्राफिक जाम निम्त्याउने, दुर्घटनाको जोखिम बढाउने र बटुवाहरूलाई आक्रमण गर्ने गरेका छन् । छाडा चौपायाको आतङ्कले बजार क्षेत्रमा व्यवसायी र ग्राहक दुवैलाई असर पुऱ्याउँछ। साथै चौपाया सडकमा मरेर दुर्गन्ध फैलिने अवस्था सिर्जना हुँदा जनस्वास्थ्यसमेत प्रभावित हुन्छ । छाडा चौपायाको प्रहारबाट मानिसको ज्यान गएका घटनाहरू पनि घटिरहेका छन्। यसैगरी, ग्रामीण क्षेत्रमा छाडा चौपायाले खेतबारीमा गएर बाली खाइदिने र कुल्चिएर, लतारेर नष्ट गरिदिने गरेका छन् । किसानहरूको मुख्य जीविकोपार्जन नै बालीबाट हुने हुँदा यसले उनीहरूको आर्थिक गतिविधिमा गम्भीर असर पार्ने गर्छ। पशुधनीहरूले दूध नदिने चौपायालाई छाडा छोड्ने हुँदा यस्तो समस्या आएको हो । दूध दिने जनावरको उमेर छउन्जेल पशुधनीले आंशिक बन्धनमा राख्छन्। बियाउने दिन नजीक आएपछि पशु नियन्त्रणमा लिने र दूध सुक्न थाल्दा पुनः छाडा छोड्ने त छँदैछ, त्यस्ता पशुहरूमध्ये विशेषगरी गाईको उमेर गएपछि बेवारिसे बनाएर छाडा छोडने प्रवृत्ति ठूलो समस्याको रूपमा आइरहेको छ। पछिल्लो समय दूध उत्पादक किसानहरूले यसो गर्न थालेका छन् । यस्ता धनीहरूलाई जिम्मेवार बनाउन स्थानीय तहले आवश्यक कानूनी प्रावधानहरूको व्यवस्था गरेको पाइँदैन ।**

**स्थानीय सरकारले छाडा चौपायालाई व्यवस्थापन गर्ने प्रभावकारी योजना र नीतिहरू बनाउन सक्नुपर्छ । पशुधनीहरूलाई उनीहरूको जिम्मेवारीबारे व्यावहारिक, नैतिक र कानूनीरूपमा सचेत पार्ने प्रयास स्थानीय तहले गर्नुपर्छ । प्रत्येक पालिकाले छाडा चौपायाको व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना बनाउँदै यस अन्तर्गत चौपायालाई आश्रयस्थल निर्माण गरेर मात्रै पाल्न पाउने र यसरी पालेका पशुका लागि उचित खानपान तथा स्याहारको व्यवस्था गरे नगरेको अनुगमन गर्न पाइने पालिकाको अधिकार क्षेत्र हो, यसलाई [redacted] छ । पालिकाले चाहेमा प्रत्येक [redacted] गरेर टयागिङ प्रणाली लागू गर्न [redacted] कसको हो भन्ने पहिचान गर्न [redacted] सजिलो हुन्छ । मुख्यतः छाडा [redacted] गर्न स्थानीय सरकारले आफ्नो [redacted] गम्भीररूपमा लिनुपर्छ ।**

# डच डिजिजको नेपाल संस्करण



स्वतन्त्र विचार

विनोद गुप्ता

**यहाँ गरीबी घटाउन प्रत्यक्ष करको असुली नबढे पनि अप्रत्यक्ष करको असुलीले पूरै राज्यको सञ्चालन भइरहेको छ । विप्रेषण आयले होलो भएको हाम्रो आन्तरिक अर्थतन्त्रले देशलाई भडखालोमा पुऱ्याउन थालिसक्यो । हाम्रो गणतन्त्र अधिनायकवादमा परिणत हुन थालिसक्यो ।**

सन् १९६० मा ठूलो तेलको भण्डार फेला परेपछि डच इकोनोमी बढेर ठूलो आकार ग्रहण गऱ्यो । तर यसमा मात्रै बढ्दै गएको निर्भरताले त्यहाँको मुद्रास्फीति बढाउन थाल्यो जसले गर्दा तेलबाहेकका अन्य उत्पादनहरू कम प्रतिस्पर्धात्मक र महँगो हुन थाले। ठीक त्यसैगरी नेपालमा अहिले रेमिट्यान्समाथिको निर्भरता र अझ अन्य क्षेत्रलाई उपेक्षा गरेर रेमिट्यान्सलाई नै सघाउने काम भइरहेको छ । त्यसबाट देशको आन्तरिक अर्थतन्त्रमा उत्पन्न अवस्थालाई नै डच डिजिज भन्ने गरेको पाइन्छ। राष्ट्र बैंकको तथ्याङ्क अनुसार आव २०२३/२४ मा विप्रेषण आय १४४५.३२ बिलियन रुपियाँ थियो जुन विगत वर्षभन्दा १५ प्रतिशत बढी हो । सन् २०१६ मा यो जम्माजम्मी ६७९ बिलियन थियो । आठ वर्षमा यसमा भएको दोब्बर वृद्धिले सरकारको ध्यान यसतर्फ बढी केन्द्रित भएको देखाउँछ । सरकारको ध्यानकै कुरा गर्दा १४औं तीन वर्षे योजनाबाहेक १५औंमा २.६ प्रतिशत मात्रै आर्थिक वृद्धिदर हासिल भयो तर पनि सरकारले १६औं योजनाको लागि ७.३ प्रतिशतको आर्थिक वृद्धिदर तोकेको छ। करीब वर्ष दिन पहिलेदेखि नै नेपाल राष्ट्र बैंकमाथि ब्याजदर घटाउन सबैतिरबाट ठूलो दबाब थियो र यो अहिले ७ प्रतिशतको हाराहारीमा झर्दा पनि बैंकबाट पैसा लिएर लगानी गर्ने वातावरण बन्न सकेको पाइँदैन ।

यस्तो किन हुँदैछ भनेर विवेचना गर्दा २०४६ साललाई नै सम्झनुपर्ने हुन्छ । निजीकरण एवं उदारीकरणको नाममा ल्याइएको उदार अर्थनीतिले जहाँसम्म व्यापार र सेवा क्षेत्रलाई टेवा पुऱ्यायो त्यही निजीकरणको नाममा जथाभावी उद्योगहरूलाई बेच्ने र बाद गर्ने जुन काम भयो त्यसले गर्दा देशमा आयात प्रतिस्थापन हुनुको सट्टा आयात नै बढ्न थाल्यो र जनता आयातित वस्तुतर्फ लोभिन थाल्यो । बुटवल सुती धागो कारखाना, भृकुटी कागज कारखाना, हेटौंडा कपडा उद्योग, जनकपुर चुरोट कारखाना, हरिसिद्धि ईंटा तथा टायल कारखाना यसका केही उदाहरण हुन् । अरू त अरू सय प्रतिशत नेपाली उत्पादन उद्योगको रूपमा स्थापित रहेर बारा, पर्सा, रौतहट र सर्लाहीका कृषकहरूको आर्थिक, सामाजिक जीवनमा क्रान्ति नै ल्याउन सफल वीरगंज चिनी कारखाना र नवलपरासी एवं रूपन्देहीमा त्यस्तै योगदान पुऱ्याएको लुम्बिनी चिनी कारखाना बन्द हुनुले ठूलो कुप्रभाव निम्त्याएको छ। सरकारी स्तरका यी उद्योगहरूले उखुको मूल्य तोक्ने र नगद भुक्तानी गर्ने भएकाले कृषकहरूलाई धेरै सजिलो भएको थियो । तर यी कारखानाहरू बन्द भएपछि न्यून मूल्य र त्यो पनि उधारोमा उखु बेच्नुपर्ने बाध्यताले अहिले आधुनिक र प्रतिस्पर्धात्मक निजी व्यवस्थापनमा सञ्चालित चिनी उद्योगहरू स्थापित क्षमताको २० प्रतिशतमा चिनी उत्पादन गरिरहेका छन्। पैसा भुक्तानीमा भएको ढिलाइले कृषकहरू उखु खेती नै छाड्न थालेका छन्। दुग्ध व्यवसायीहरूको हालत त्यस्तै छ भने घरजग्गा कारोबार ध्वस्त हुने अवस्थामा छ, शेयर बजार त्यस्तै छ, निर्माण व्यवसाय शिथिल भएकोले ठूल्ठूला लगानीमा स्थापित उद्योगहरू जस्तै सिमेन्ट, फलामे डण्डी तथा ईंटा उद्योगहरू ४० प्रतिशतभन्दा न्यून क्षमतामा सञ्चालत भइरहेको पाइन्छ । यसबाहेक आम उपभोक्ताको कुरा गर्दा बजार शिथिल छ, सटरहरू खाली हुँदैछन्, किनभने (१) उनीहरूसँग आधारभूत आवश्यकताभन्दा बढी खरीद गर्न हातमा डिस्पोजिबल इन्कम छैन, जसको अर्थ महँगीका कारण हातमा आउने पैसाबाट त्यो सम्भव छैन वा (२) भविष्यप्रति असुरक्षित महसूस गरेर सकेसम्म जोगाउनेतिर लागेका छन् ।

नेपाल सरकारले प्रत्येक वर्ष बजेट बनाएर संसद्मा प्रस्तुत गर्ने गरेकै छ र राष्ट्र बैंकले पनि सोही अनुसाार मौद्रिक नीति लागू गर्छ तर खोई त बजेटमा तोकिएको आर्थिक वृद्धिदर हासिल भएको ? वृद्धिदरको कुरै छाडौं छेउछाउमा पुग्ने लक्षण पनि भेट्टाउन सकिंदैन ।

नेपालमा बजेट बन्छ, त्यसको कार्यान्वयनको लागि योजना पनि बन्छ तर त्यो कहिलै समयमा पूरा हुँदैन। जब बजेट दोब्बर–तेब्बरले बढ्छ तब योजना पूरा हुन्छ तर यो आर्थिक लाभ दिने अवस्थामा रहँदैन । उदाहरणको लागि पोखरा र भैरहवा विमानस्थलको गति हेरौं । ४० अर्बमा बन्नुपर्ने हुलाकी राजमार्ग अब करीब एक अर्बमा पूरा हुने अनुमान छ भने ७० अर्बको द्रूतमार्ग करीब ३०० अर्बको लगानीमा बन्ने भएको छ। जनताले रगत पसिना काढेर दिएको करको यस्तो दुरुपयोग गर्नेहरूमाथि कुनै कानून लाग्दैन। यस्तो हुनुको कारण के भने लाभ हानिभन्दा पनि नेपालमा राजनैतिक प्रभावमा योजना आकर्षक बनाउन न्यून लागत देखाएर स्वीकृत गर्ने र पछि दुहुनो गाई बनाउने परिपाटी नै बसिसकेको छ। यसैको अर्को पक्ष पनि छ हामी प्रत्येक पालिकामा आधारभूत अस्पताल, स्कूल भवन र त्यसको लागि आवश्यक सामग्री खरीद गर्न मरिहत्ते गर्दछौं तर त्यही अस्पतालको सेवाको स्तर, विद्यालय, कलेज, विश्वविद्यालयको शैक्षिक गुणस्तरमा लगानी गर्दैनौं । नेपालमा डाक्टर र स्वास्थ्यकर्मीहरूको दरबन्दी नबढेको वर्षौं भइसक्यो त्यसैले जनता घरखेत बेचेर भए पनि निजी अस्पतालमा जानुपर्ने बाध्यता छ। समयमा परीक्षा नभएर र गुणस्तरमा ऱ्हासको कारण सम्पन्न जम्मै विदेश, मध्यम एवं निम्न मध्यम वर्ग स्थानीय बोर्डिङ र गरीब जम्मै सामुदायिकमा पढ्न बाध्य छन्। यसमा केही अपवाद भने छ। हाम्रो लगानी भवन निर्माण र उपकरण खरीदतर्फ बढी विनियोजन गर्ने भइसकेको छ । समग्रमा हेर्दा हामी लगानीजीवी भइसकेका छौं तर लगानीबाट बजार बनाउन हाम्रो अर्थतन्त्र असफल भएको छ ।

अहिले बैंकको ब्याजदरकै कुरा गरौं। बचत र फिक्स्ड डिपोजिटमा पैसा राख्नेहरूले पाउने ब्याजदरको आधारमा पेन्शनजीवीहरूको जीवन सम्भव छ ? १७ जनवरीको द काठमान्डूपोस्टमा to-wards- d´anded growth शीर्षकमा अर्थ मन्त्रालयका पूर्वसचिव विद्याधर मल्लिकले नेपालमा लगानीकर्ताहरूको लगानीले डिभिडेन्डर कैपिटल गेनमा २.५–१० प्रतिशतसम्मको करको दर रहेको छ भने wage earner अथवा श्रमजीवीहरूले ३९ प्रतिशत कर तिर्नु परिरहेको पढेर छानाबाट नै खसेको जस्तो अनुभूति भयो। यो हाम्रो देश यस्तो देश भएको छ जहाँ माग नभए पनि आपूर्तितन्त्र निर्वाध चलिरहेको छ । यहाँ गरीबी घटाउन प्रत्यक्ष करको असुली नबढे पनि अप्रत्यक्ष करको असुलीले पूरै राज्यको सञ्चालन भइरहेको छ। विप्रेषण आयले होलो भएको हाम्रो आन्तरिक अर्थतन्त्रले देशलाई भडखालोमा पुऱ्याउन थालिसक्यो। हाम्रो गणतन्त्र अधिनायकवादमा परिणत हुन थालिसक्यो। त्यसैले सबैले सचेत भएर आआफ्नो ठाउँबाट सरकारलाई सही कदम चाल्न बाध्य पार्नुपर्ने बेला भइसकेको छ ।

# चुरे समिति खारेजी : छलफल गरी निर्णय लिन जोड

प्रगति ढकाल
काठमाडौं, १५ माघ/रासस

चुरे क्षेत्र संरक्षण गर्ने मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे–तराई मधेस संरक्षण विकास समितिको हालको संरचना खारेज गर्ने सम्बन्धमा सुझावसहितको प्रतिवेदन तयार भएको छ । वन तथा वातावरण मन्त्रालयले समितिको संरचना खारेज गरेर मन्त्रालयमा गाभ्ने तयारीका साथ प्रक्रिया अगाडि बढाएको भन्दै समितिले आपत्ति जनाएको छ ।

समिति खारेजी गर्न खोजिएको भन्दै आलोचना बढिरहेको बेला मन्त्रालयले भने खारेजी नभएर पुनर्संरचना गर्ने विषयमा छलफल भएको स्पष्ट पारेको छ । वन तथा वातावरण मन्त्रालयले चुरेको विषयमा प्राविधिक प्रतिवेदन तयार गर्न भन्दै बनाएको समितिले हालको समिति खारेज गर्नुपर्ने र वन तथा वातावरणमन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा अन्य विज्ञहरू सदस्य रहनेगरी समितिको पुनर्गठन गर्नुपर्ने सुझाव दिएको छ ।

मन्त्रालयका प्रशासन महाशाखा प्रमुख भुपाल बरालको संयोजकत्वमा गठन भएको उक्त समितिमा सदस्य सचिवमा शोभाकर रेग्मीका साथै सदस्यहरूमा मन्त्रालयका सहसचिव मेघनाथ काफ्ले, डा महेश्वर ढकाल, विराज ढुङ्गाना र तत्कालीन सहसचिव डा सिन्धु ढुङ्गाना रहेका छन् ।

समितिका सदस्य सचिव शोभाकर रेग्मीले चुरे संरक्षणका लागि कुनै पनि बाधा नपुग्ने भन्दै हाल भएको संरचना परिवर्तन गर्ने सुझावसहितको प्रतिवेदन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलाई बुझाएको जानकारी दिए ।

"अहिले भएको चुरे समितिको संरचना खर्चिलो भयो, स्रोत जुटाउन पनि समस्या भइरहेको छ । समितिमा पनि आपसी विवाद छ"–उनले भने–"जुन मन्त्रालय अन्तर्गतको गठन आदेश अनुसार बनेको छ त्यही मन्त्रीको अध्यक्षतामा समिति रहनेगरी चुरे संरक्षणको कामलाई अझै दिगो बनाउन सुझावसहितको प्रतिवेदन मन्त्रीलाई पेश गरेका हौं। कार्यान्वयन हुने/नहुने यकीन भएको छैन ।" रेग्मीले बोर्डमा सदस्य नियुक्त गर्दा सम्बन्धित विषयविज्ञ छनोट गर्नेगरी पुर्नगठन गर्ने विषय सुझाव पेश गरिएको बताए ।

वनमन्त्री शाहीले सुझाव पेश भएपछिका अन्य कुनै पनि प्रक्रिया अगाडि नबढेको बताए । "समिति खारेज गर्न प्रधानमन्त्रीसँग छलफल गर्न हालसम्म कुनै छलफल नभएकोले कुनै प्रक्रिया अगाडि बढेको छैन, हामी संरक्षण विरोधी होइनौं। प्रभावकारीरूपमा चुरे संरक्षणको गतिविधि अगाडि बढाउनेगरी काम हुनेछ। समिति खारेजी हुने प्रक्रिया अहिलेको लागि अगाडि बढेको छैन ।"

मन्त्रालयका सचिव डा दीपककुमार खरालले समिति खारेजीभन्दा पनि समितिमा प्रदेश र स्थानीय तहलाई पनि समावेश गरी चुरे संरक्षणका गतिविधिलाई थप प्रभावकारीरूपमा अगाडि बढाउन पुनर्संरचना गर्ने विषयमा छलफल भएको जानकारी दिए ।

"चुरे तराई मधेस क्षेत्रको संरक्षण र व्यवस्थापनलाई अझै प्रभावकारी बनाउन सबैतिरबाट महसूस भए अनुसार हालको समितिको काम, कारबाई, संरचना, कार्यक्षेत्र, कार्याधिकार, बजेट कार्यक्रम, गुरुयोजना, सङ्गठन व्यवस्था, कर्मचारी परिचालन, अन्तरप्रदेश समन्वय, समावेशिता विषयमा पुनरवलोकन र समीक्षा गरिएको हो"–उनले भने । चुरे क्षेत्रको संरक्षणमा अग्रणी भूमिका निभाउने उच्चपदस्थ अधिकारीसहित अन्य केही व्यक्तिले समिति खारेज गर्न खोजेका भन्दै उनले सोबारे आपत्ति जनाए ।

पूर्वराष्ट्रपति डा रामवरण यादवले चुरे समिति खारेजी गर्ने विषयमा भइरहेको तयारी गलत रहेको प्रतिक्रिया दिए । "चुरे क्षेत्रको संरक्षणका लागि मेरो कार्यकालमा वैज्ञानिक तथा सरोकार भएकाहरूसँग धेरै छलफल गरेर समिति गठन भएको थियो"–उनले भने–"अन्नको भण्डार चुरे बचाउने काममा बेवास्ता गर्न हुँदैन । कानून बनाएर समितिलाई छुट्टै स्वायत्त निकाय बनाउनु उपयुक्त हुन्छ। चुरेका वैज्ञानिकहरूको सहभागितामा समिति सञ्चालन गरौं।"

चुरे संरक्षणलाई प्राथमिकता नदिने हो भने चुरे क्षेत्रमा बसोवास गर्ने ५० प्रतिशतभन्दा बढी सर्वसाधारणको जीविकोपार्जनमा समस्या आउने पूर्वराष्ट्रपति यादवको भनाइ छ । अनियन्त्रितरूपमा सञ्चालन भइरहेका क्रसर उद्योग बन्द गर्नुपर्ने र चुरे संरक्षणलाई प्राथमिकता दिएर चुरेको जैविक विविधता संरक्षणमा ध्यान दिन आवश्यक रहेकोमा उनले जोड दिए ।

"नेपालको पहिचान बोकेको चुरे क्षेत्र संरक्षणको जिम्मेवारी लिएको समिति खारेजीको अपरिपक्व निर्णय गर्नुहुँदैन"–पूर्वराष्ट्रपति यादवले भने–"यसो भएमा मानिसको जीवनयापन अस्तव्यस्त हुने खतरा हुन सक्छ। चुरेको संरक्षण हाम्रो पानीको, अन्न उत्पादनको र सुरक्षाका लागि जरुरी छ ।"

उनकै सक्रियतामा चुरे कार्यक्रमलाई राष्ट्रिय गौरवको योजनाका रूपमा चुरे कार्यक्रम घोषणा गरिएको थियो। अहिले पनि यादव चुरे बचाउनुपर्छ भन्नेमा वकालत गर्दै आएका छन् ।

**अपरिपक्व नीतिगत निर्णय गर्नुहुँदैनः पूर्ववनमन्त्री आचार्य**

पूर्ववनमन्त्री महेश आचार्यले चुरे संरक्षणका लागि यस अघि प्रारम्भ गरिएका कानूनी र संस्थागत प्रबन्ध खारेज गर्न नहुने भन्दै समिति खारेजीका विषयमा निर्णय गर्नु अघि विज्ञसँग छलफल गर्न अनुरोध गरे ।

"मधेस क्षेत्रमा बसोवास गर्ने देशका करीब आधा जनसङ्ख्याको जीवन चुरेको सन्तुलित पारिस्थितिकीय प्रणालीमा निर्भर छ । चुरेले वर्षौंदेखि मानिसका लागि अन्न, पानी, काठ, दाउरा र वस्तुभाउलाई स्याउला, दुर्लभ पशुपक्षीलाई आश्रयस्थल र दैवी विपद्बाट सुरक्षा प्रदान गर्दै आएको छ । चुरेको पारिस्थितिक प्रणाली (इको–सिस्टम) बिग्रँदा वा चुरे संरक्षण प्रयासमा शिथिलता आउँदा देशले अकल्पनीय क्षति बेहोर्नुपर्ने हुनसक्छ"–उनले भने ।

वैश्विकरूपमा जलवायु परिवर्तनले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# हात्ती आतङ्कः दिगो समाधानको प्रतीक्षामा किसान

रौतहट, १५ माघ/रासस

जङ्गली हात्तीको विध्वंशले रौतहटका किसानहरू प्रताडित छन् । गत असार एकैरात सातवटा घर भत्कायो । हात्तीले रौतहटमा दर्जनभन्दा बढी घर भत्काएको छ । फतुवा विजयपुर नगरपालिका–११ का भैसही र बुटवा बस्तीमा चारवटा घर भत्काएको स्थानीय अजय तिमल्सिनाले जानकारी दिए । हरेक वर्ष धान पाक्ने बेला आउने हात्ती धान काटिसकेपछि मात्र जाने गरेको थियो तर यसपालि गाउँमैं बस्नाले यहाँका मानिसहरू असुरक्षित महसूस गरिरहेका छन् । हात्तीले घर भत्काइसकेपछि चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्ले पीडितहरूका घरमैं पुगेर जस्तापातासहित खाद्यान्न सहयोग गरेका थिए ।



तस्वीरः रासस

महीनादेखि जङ्गली हात्ती रौतहटको चन्द्रपुर, वृन्दावन, गुजरा र फतुवा विजयपुर नगरपालिकाको जङ्गलनजीकैको गाउँमा बसिरहेका छन् । हात्तीको उपद्रोले रौतहटमा–२ दर्जनभन्दा बढी घर भत्किसकेको छ भने लाखौं मूल्य बराबरको अन्न, तरकारी र फलफूल नष्ट भएका छन् ।

हात्तीको आक्रमणले रौतहटमा एक महिलाले ज्यान गुमाउनुपरेको छ भने एकजना घाइते भएका छन् । गत कात्तिक १६ गते फतुवा विजयपुर–११ रागीबुटुवा बस्ने ७० वर्षीया पातलीमाया तामाङको हात्तीको आक्रमणबाट ज्यान गएको थियो । तामाङको घर हात्तीले पूर्णरूपमा क्षति पुऱ्याएको थियो । जङ्गली हात्तीले एक्कासि घरमा आक्रमण गर्दा उनका पति भने भागेर ज्यान बचाउन सफल भएका थिए ।

हात्तीले गत कात्तिकयता चन्द्रपुर–२ जुडिबेलामा मात्रै एक दर्जनभन्दा बढी घर भत्काएको छ । "बस्न नहुनेगरी घर भत्कायो तर हामी भने भागेर बाँच्न सक्यौं," स्थानीय खिकप्रसाद पन्तले भने । पुलामीटोलका राजेन्द्र ठाकुरको पनि घर हात्तीको आक्रमणले पूर्णरूपमा क्षति भएको थियो । राति सुतिरहेको बेलामा हात्तीले घर भत्काएको ठाकुरले बताए । बलमपाखी टोलका तारजन मगरको पनि हात्तीले घर पूर्णरूपमा भत्काएको छ ।

यस्तै चन्द्रपुर–३ गैंडाटारमा हात्तीले

जङ्गली हात्तीले खासगरी केराखेतीमा धेरै क्षति पुऱ्याएको छ । रौतहटको चन्द्रपुर–३ गैंडाटार र जुडिबेलामा लगाइएको केराखेतीमा क्षति पुऱ्याएको छ । हात्तीले पटकपटक गरेर करीब एक बिघामा लगाएको केराखेती नष्ट गरेको चन्द्रपुर–३ गैंडाटारका किसान लालबहादुर दोङले जानकारी दिए । फल्ने बेला भएको करीब सात सय केराको बोट हात्तीले नष्ट गरेको उनको गुनासो छ । केराखेतीको बीमा नहुँदा पनि समस्या भएको उनको भनाइ छ ।

वृन्दावन नगरपालिका–१ बलरीखोरमा पनि हात्तीले हरेक राति विध्वंश मच्चाइरहेको स्थानीय सुरेन्द्र पटेलले जानकारी दिएका छन् । केही दिनयता गाउँका बासिन्दा हात्तीका कारण रातभर जाग्राम गर्न बाध्य भएको पटेल बताउँछन् । हात्ती आउने तथा प्रभावित क्षेत्रमा पोलपोलमा बत्ती र चोकचोकमा आगोको व्यवस्था, हात्ती नियन्त्रणका लागि नियमित गस्ती र गस्तीका लागि इन्धनको व्यवस्था, हात्तीले पुऱ्याएको क्षतिको विवरण सङ्कलन गर्ने, क्षति पुगेका घर तथा किसानलाई राहतको व्यवस्था गर्ने, घाइते भएकालाई तत्काल उद्धारका लागि एम्बुलेन्स खरीद गर्नेलगायतका निर्णयहरू गरेको डिभिजन वन कार्यालय, रौतहटका प्रमुख हेमन्तकुमार साहले जानकारी दिए ।

सङ्घीय सांसद देवप्रसाद तिमल्सिना र प्रदेशसभा सदस्य युवराज भट्टराईले हात्ती व्यवस्थापनका लागि सङ्घीय तथा प्रदेशस्तरबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् । प्रभावित क्षेत्रका किसान र स्थानीय बासिन्दालाई राहत तथा उद्धारमा सरकारका तर्फबाट भरपर्दो सहयोग पुऱ्याउने उनीहरूले आश्वासन दिएका छन् । बर्सेनि हात्तीको समूह रौतहटको गैंडाटार, जुडिबेला, पौराई, चन्द्रनिगाहपुर, गुजराको चोचा, मैरा, जङ्गलसहिया गाउँहरू, वृन्दावनको बलरी, फतुवा विजयपुर नपाको रागी बुटुवालगायत गाउँहरूमा पस्ने गरेका छन् । गत वर्ष मात्रै हात्तीको आक्रमणबाट चन्द्रपुरका घाँस, दाउरा गर्न गएका दुई महिलाले ज्यान गुमाएका थिए । हात्ती आतङ्कले गर्दा यहाँका बासिन्दा घाँस दाउरा गर्न जङ्गल जानसमेत छाडेका छन् ।

यसैबीच, रौतहटको दक्षिणी भेगतर्फ नीलगाई र बँदेलले किसानहरूको बालीमा क्षति पुऱ्याएका छन् । केही वर्षदेखि जिल्लाका कटहरिया, देवाही, लालबकैया, विजयपुर, मौलापुरका किसानका नदी किनारका खेतमा लगाइएका मकै, धान, उखु, आलु, गहुँ, केरा, धनियाँलगायत बालीमा नीलगाईले क्षति पुऱ्याउँदै आएको छ । लालबकैया नदीका दुवै किनारमा रहेका खरघारी र उखुबारीको आडमा लुकेर ठूलो सङ्ख्यामा नीलगाई र बँदेल बस्छन् । दिउँसो बाहिर निस्केर बालीमा चर्छन् । स्थानीयहरू वन्यजन्तुबाट बाली जोगाउन खेतनजीक र नदीछेउमा मचान बनाएर बस्न थालेका छन् । वन्यजन्तु नियन्त्रण गर्न कसैले पनि चासो नदिंदा आफूहरूको बाली जोखिममा परेको किसानहरूको गुनासो छ ।



टोकन प्रणाली सेवा शुभारम्भः महोत्तरीको बर्दिबास नगरपालिका प्रमुख प्रह्लाद क्षेत्री जिल्ला प्रशासन कार्यालयमा मङ्गलवारदेखि शुरू भएको टोकन प्रणाली सेवाको शुभारम्भ गर्दै । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# मधेसको समृद्धिः चुरे संरक्षणमा सबैको चासो

महोत्तरी, १५ माघ/रासस

मधेसको समृद्धिका लागि चुरे संरक्षणको अपरिहार्यता भएको विज्ञहरूले औंल्याएका छन् ।

विशिष्टीकृत अनुसन्धान केन्द्र मधेस प्रदेशले बर्दिबासमा आयोजना गरेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको कार्यसूची अनुसारको दुई दिने 'चुरे संरक्षण र विकाससम्बन्धी प्रशिक्षण' कार्यक्रममा चुरे तथा जलाधारविज्ञहरूले चुरेसँग मधेसको आम जीवन पद्धति नै गाँसिएको हुँदा यसको संरक्षणमा सर्वपक्षीय चासोको आवश्यकता विज्ञले औंल्याएका हुन् ।

कार्यक्रमको पहिलो दिन सोमवारको सत्रमा मधेस प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साहले ऊर्जा, खानेपानी, वातावरण र सिंचाइसहितका मधेसका जनताको आम जीवनसँग जोडिएका विषय चुरेसँग अन्योन्याश्रित हुँदा यसको संरक्षण पहिलो प्राथमिकतामा पर्नुपर्ने स्पष्ट पारे । यसका लागि व्यक्ति–व्यक्तिमा चुरेप्रति चासो जगाउन आवश्यक रहेको डा साहले बताए ।

यसैगरी, आज सम्पन्न दुई दिने सो प्रशिक्षण कार्यक्रममा विज्ञ डा नागेन्द्रप्रसाद यादवले चुरे संरक्षणको मुद्दालाई मजबूती साथ उठाउन पहिले समस्याको पहिचान स्पष्टरूपमा गरिन आवश्यक रहेको औंल्याए । चुरेका समस्या दीर्घकालीन समाधान गर्न तीनै तहका सरकार र सम्बद्ध सरोकारवालाले योजनाबद्ध कार्यक्रम बनाएर कार्यान्वयनमा जानुपर्ने डा यादवको सल्लाह छ । चुरे क्षेत्र प्राकृतिक सम्पदाको भण्डार रहेको हुँदा मानव हितमा यिनको उपयोगको स्पष्ट नीति बन्नुपर्ने र सोअनुरूप कार्यान्वयन हुनुपर्नेमा डा यादवको जोड छ ।

कार्यक्रममा चुरे तथा जलवायुविज्ञ डा विनोद भट्टले 'चुरे संरक्षणः कसको चासो, कसको जिम्मेवारी' विषय केन्द्रित कार्यपत्र नै प्रस्तुत गरी छलफल चलाए ।



तस्वीरः फाइल

विश्वव्यापी जलवायु परिवर्तनको असरले चुरे वन तथा जलाधार क्षेत्रमा पारेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न चुरे संरक्षण र व्यवस्थापनका क्षेत्रमा स्थानीयस्तरमा भएका असल सिकाइका अभ्यासबारे चुरेविज्ञ नागदेव यादवले जानकारीमूलक कार्यपत्र प्रस्तुत गरे । यिनमा चुरे शृङ्खलामा भएका खोल्सी नियन्त्रण, पानी पुनर्भरणका पोखरी निर्माण, पहिरो नियन्त्रण र वृक्षारोपणसहितका गतिविधिबारे उल्लेख गरिएको छ ।

विज्ञहरूले मधेसमा चुरे संरक्षण विषय प्रायोगिक विज्ञानमा आधारित हुनुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट)का सचिव डा रवीन्द्रप्रसाद ढकालले प्रतिष्ठान स्थापनाकालयताका ४४ वर्षमा हासिल गरेका उपलब्धि सोझै जनसम्बन्धित बनेको उल्लेख गरे । यिनमा ब्रिकेट, सौर्य ऊर्जा, इमेलको प्रयोग, इकोसिस्टम र खाद्यवस्तुको परीक्षण (विकिरण परीक्षण) र मिचाहा वनस्पति व्यवस्थापन मुख्य काम भएको उनले बताए ।

दुई दिने सो प्रशिक्षण कार्यक्रममा 'चुरे संरक्षण नीति, अवस्था, सवाल र समाधानका उपाय' विषयक कार्यपत्र चुरेविज्ञ डा नागेन्द्रप्रसाद यादवले प्रस्तुत गरे । दुई दिने प्रशिक्षण कार्यक्रम विशिष्टीकृत अनुसन्धान केन्द्र मधेस प्रदेशको व्यवस्थापन समितिका अध्यक्ष प्राडा पारसनाथ यादवको अध्यक्षतामा सम्पन्न भएको थियो ।

प्रशिक्षणका सहभागीलाई चुरे संरक्षणका असल अभ्यास भएका केही ठाउँको अवलोकन गराइएको छ । यिनमा बर्दिबास–१ को पानी खोल्सी व्यवस्थापन र गौशाला–८ कुष्माढीको बगरखेतीको अवलोकन सहभागीले गरेका छन् । प्रशिक्षणमा मधेसका आठै जिल्लाका डिभिजन वन कार्यालय र प्रदेशका चारवटा भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख, विभिन्न जिल्लाका सिंचाइ कुलो संरक्षण समिति र सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीसहित ५० जनाको सहभागिता रहेको आयोजक विशिष्टीकृत अनुसन्धान केन्द्र मधेस प्रदेशले जनाएको छ ।

# माओवादी केन्द्र, सर्लाहीद्वारा दुई घण्टा चक्काजाम

नितेश कर्ण, वीरगंज, १५ माघ/

नेकपा माओवादी केन्द्र, सर्लाहीले मङ्गलवार पूर्व–पश्चिम राजमार्ग अन्तर्गत बाग्मती नगरपालिकाको पुतलीचोकमा दुई घण्टा चक्काजाम गरेको छ ।

बाग्मती नगरपालिकाका प्रमुख भरतकुमार थापा, उपप्रमुख लीलाकुमारी मोक्तानलगायतलाई झूटा वन मुद्दा दायर गरेर फसाउने षडयन्त्र भएको आरोप लगाउँदै माओवादी केन्द्र, सर्लाहीले चरणबद्ध आन्दोलनको कार्यक्रम अन्तर्गत आज दुई घण्टा चक्काजाम गरेको हो ।

चक्काजाम कार्यक्रममा पार्टीका जिल्ला नेता, कार्यकर्ताहरूको सहभागिता थियो ।



तस्वीरः प्रतीक



**बोलबम यात्रा गर्दै भक्तजनः** महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरबाट ३६० किलोमिटर टाढा रहेको भारतको झारखण्ड राज्यको देवघर जिल्लास्थित बाबा वैद्यनाथको पूजाअर्चनाका लागि बोलबम यात्रा गर्दै भक्तजनहरू । यहाँबाट प्रत्येक वर्ष ठूलो सङ्ख्यामा भक्तजनहरू बाबाधाम जाने गर्छन् । भक्तजनहरूले आउँदो श्रीपञ्चमीका दिन दर्शन, पूजा गर्नेछन् । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# सरकारले मेडिकल कलेजका आवासीय चिकित्सकको निर्वाह भत्ता तोक्यो

काठमाडौं, १५ माघ/रासस

सरकारले निजी मेडिकल कलेजमा स्नातकोत्तर तहमा अध्ययन गर्ने आवासीय चिकित्सकलाई अब निर्वाह भत्ता उपलब्ध गराउन निर्णय गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सोमवार राति संयुक्त हस्ताक्षर गरी सार्वजनिक गरेका निर्णयमा निजी मेडिकल कलेजमा अध्ययन गर्ने स्नातकोत्तर तहका आवासीय चिकित्सकलाई निर्वाह भत्ताको व्यवस्था गरिएको हो । उनीहरूले आवासीय चिकित्सकलाई निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गर्दै सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय गरेका छन् । जस अनुसार निजी मेडिकल कलेजमा अध्ययन गर्ने स्नातकोत्तर तहका आवासीय चिकित्सकलाई पहिलो वर्ष कम्तीमा रु २५ हजार, दोस्रो वर्ष कम्तीमा रु ३० हजार र तेस्रो वर्ष कम्तीमा रु ३५ हजारका दरले निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरिएको छ । यो व्यवस्था शैक्षिक सत्र २०८१/८२ देखि नै लागू हुने उल्लेख छ ।

प्रधानमन्त्री एवं चिकित्सा शिक्षा आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा गत मङ्सिर ९ गते बसेको चिकित्सा शिक्षा आयोगको १५औं बैठकले निजी लगानीका मेडिकल कलेजले प्रदान गर्ने निर्वाह भत्तासम्बन्धी समस्या समाधान गर्ने जिम्मेवारी शिक्षा र स्वास्थ्यमन्त्रीलाई दिएको थियो । सोही अनुसार विभिन्न सरोकारवालासँग पटकपटक भएको छलफलका आधारमा यो निर्णय गरिएको मन्त्रीद्वयले हस्ताक्षर गरेको निर्णयमा उल्लेख छ ।

त्यसैगरी, निजी मेडिकल कलेजले शैक्षिक सत्र २०८१/८२ देखि स्नातकोत्तर तहमा अध्ययन गर्न आवासीय चिकित्सकलाई स्वास्थ्य मन्त्रालयको छात्रवृत्ति निर्देशिका अनुसार निर्वाह भत्ता प्रदान गर्ने र निश्शुल्क अध्ययन गर्न चाहने आवासीय चिकित्सकलाई अध्ययनपश्चात् दुई वर्ष सोही शिक्षण संस्थामा कबुलियतनामा गरी सेवा गर्ने व्यवस्था मिलाउन सरकारले आवश्यक कानूनी प्रबन्ध गर्ने निर्णय गरिएको छ ।

निजी मेडिकल कलेजले स्नातकोत्तर तहमा अध्ययन गर्ने आवासीय चिकित्सकलाई विश्वविद्यालय, नेपाल मेडिकल काउन्सिल एवं प्रचलित श्रमसम्बन्धी कानूनबमोजिम मर्यादित सेवासुविधा उपलब्ध गराउनुपर्ने निर्णयमा भनिएको छ ।

# दार्चुलामा उकु महलको उत्खननसँगै अनुसन्धान शुरू

नरेन्द्रसिंह कार्की
दार्चुला, १५ माघ/रासस

मालिकार्जुन गाउँपालिका–७ उकुमा रहेको ऐतिहासिक उकु महलको उत्खननसँगै अनुसन्धान शुरू गरिएको छ । पुरातत्त्व विभागको टोलीले उकु पुगेर उत्खनन र भग्नावशेषको अनुसन्धान शुरू गरेको हो ।

गाउँपालिका अध्यक्ष हीरासिंह धामीको अध्यक्षतामा कार्यक्रम गर्दै पुरातत्त्व विभागको टोलीले उत्खनन कार्य थालनी गरेको छ । लामो समयदेखि संरक्षण र पुनर्निर्माणको पर्खाइमा रहेको उकु महलको उत्खनन र अनुसन्धान थालिएसँगै संरक्षणमा समेत ध्यान पुग्ने स्थानीयको अपेक्षा छ ।

उकु महलको सम्भावनाबारे उत्खनन गर्न पुरातत्त्व विभागका पुरातत्त्व अधिकृत हरि भुसाल, लुम्बिनी विकास कोषका पुरातत्त्व अधिकृत हिमालकुमार उप्रेती र पुरातत्त्व विभागकै अधिकृत राकेश परिवारले कामको थालनी गरेका छन् । उकु महलले जिल्लामा धार्मिक तथा सांस्कृतिक पर्यटनको ठूलो सम्भावना बोकेको पुरातत्त्व अधिकृत उप्रेती बताउँछन् । महलको भग्नावशेषमा अहिले पनि शिलालेखमा लेखिएका चट्टान स्पष्ट देख्न सकिन्छ । चट्टानमा शिलालेख लेखिएको र ढुङ्गा कोरेर आकर्षक मूर्ति बनाएका भेटिएका छन् ।

गत वर्ष पनि केही काम भएको थियो । यस वर्ष थप एक महीना काम गर्नेगरी पुरातत्त्व विभागको टोली आएको भुसालले जानकारी दिए । आगामी फागुन ११ गतेसम्म उत्खनन र अनुसन्धान गर्नेगरी विभागको टोली पुगेको छ । उकु भग्नावशेष वरिपरि, मन्दिर क्षेत्र, घर खेत सबैतिरका चट्टानसमेत सङ्कलन गर्ने काम भइरहेको छ । अहिले पनि भग्नावशेष क्षेत्रमा भेटिएका सबै शिलालेख सुरक्षित स्थानमा सार्ने काम भइरहेको भुसालले बताए ।

उनले भने, "सबै प्रकारका अभिलेख सुरक्षित राख्ने काम भइरहेको छ,




सुरक्षित तवरले अभिलेख राखेर अनुसन्धान गर्छौं ।" प्रारम्भिकरूपमा हेर्दा थुप्रै शिलालेख भेटिँदै छन् । उकु महलको संरक्षण र अनुसन्धानका लागि पटकपटक ताकेता भएसँगै पुरातत्त्व विभागले काम थालनी गरेको हो ।

अहिले भइरहेको उत्खनन र अनुसन्धानबारे जिल्ला प्रशासन कार्यालय तथा सरोकारवालाई जानकारी गराउने तयारी भएको भुसालको भनाइ छ । यो अवधिमा उकु भग्नावशेष क्षेत्रमा फोटो खिच्न, भिडियोग्राफी र टिकटक बनाउन पुरातत्त्व विभागको अनुमतिविना रोक लगाइएको छ ।

"यो ऐतिहासिक अनुसन्धान कार्य गर्दैछौं," भुसाल भन्छन्, "यो खोजबाट यहाँको वास्तविकता पत्ता लगाएर संरचना कस्तो बनाउने भन्ने विषयमा निर्णयमा पुगिन्छ, गत वर्ष उत्खननका क्रममा एउटा मन्दिर भेटिएको थियो, प्रारम्भमा हेर्दा यहाँ निकै धेरै शिलालेख भेटिने अवस्था छ, यसको पूरै उत्खनन भएपछि यहाँको सांस्कृतिक, धार्मिक पर्यटकीय महत्त्व झनै बढ्छ ।"

स्थानीय सरकारले चासो देखाएसँगै पुरातत्त्व विभागले काम थालनी गरेको गाउँपालिका अध्यक्ष धामीले बताए । उकुमा भएको भग्नावशेषको अभिलेखीकरण र व्यवस्थापनमा गाउँपालिकाले सहयोग गर्नेगरी टोली आएको छ । गत वर्ष सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री राजेन्द्र रावलले समेत उकु महलका बारेमा चासो दिंदै ज्ञापन बुझाएका थिए ।

सबै क्षेत्रको सहयोगमा अहिले उकु महलको उत्खनन र अनुसन्धानसम्म पुगेको अध्यक्ष धामीको भनाइ छ । "हामीले यसको प्रचारप्रसारमा ल्याउन तथा संरचना निर्माणका लागि पुरातत्त्व विभागलाई अनुरोध गरेका थियौं," उनले भने, "यहाँको इतिहासलाई फेरि एकपटक बिउँताउने प्रयास गरिएको छ ।"

परापूर्वकालको पुरानो दरबारको भग्नावशेषका रूपमा रहेको ठाउँको अध्ययन तथा अन्वेषण र संरक्षणको काम शुरू भएपछि स्थानीय पनि खुशी भएका छन् । स्थानीय धनबहादुर पालले ओझेलमा परेको उकु महलको काम अघि बढेकामा खुशी व्यक्त गरे । उनले भने, "थोरै भएपनि संरक्षणका लागि सरकारले ध्यान दिएको छ, यो निरन्तर हुनुपर्छ, महलको उत्खनन र संरक्षण नहुँदा थुप्रै मूर्ति तथा शिलालेख चोरी हुनाका साथै टुटफुट भएका छन् ।"

उकु महलको भग्नावशेषस्थलमा विभिन्न शिलालेख लेखिएका चट्टान छरिएर रहेका अवस्थामा जीर्ण बन्दै गएका थिए । परापूर्वकालमा कत्युरी राजाको राजधानीका रूपमा यसलाई निर्माण शुरू गरिएको किंवदन्ती छ । कतुडी राजवंशको अन्त्यपश्चात् १२औं शताब्दीमा पाल राजा भारतको अस्कोट क्षेत्रमा बसोबास गर्ने गरेको पाइन्छ । सर्वप्रथम रजवार भारती पाल सो क्षेत्रमा दरबार बनाएर बसेको हुन सक्ने इतिहासका जानकारको भनाइ छ ।

हालसम्म पनि उकु, लाली क्षेत्र र उकुसँग सीमा जोडिएको भारतको अस्कोटमा पनि पालको बसोबास रहँदै आएको छ । इतिहासबारे जानकार प्रकाशचन्द्र मिश्र उकु भग्नावशेष नाग पाल राजाले दरबारमा मन्दिर बनाउन उक्त क्षेत्रमा मूर्ति शिलालेख जम्मा गरेको बताउँछन् । उक्त क्षेत्रमा ऐतिहासिक किल्ला, ढुङ्गामा कुँदिएका विभिन्न भगवान्का मूर्ति देख्न सकिन्छ । अस्कोटको इतिहास अनुसार परापूर्वकालमा अभयपाल रणचुलाहाटस्थित कत्युरी राज्यको राजधानीबाट अस्कोट आएको इतिहास छ ।

मिश्रले भने, "यो ऐतिहासिक महत्त्वको स्थल हो, यहाँ भेटिने कोटघर, देवस्थल, दरबारका किल्ला र विभिन्न आकृतिका ढुङ्गाले इतिहास र संस्कृति दर्शाइरहेको देखिन्छ ।" दार्चुला मध्यकालीन शक्तिशाली कत्युरी राज्य र सभ्यताको हिस्सा थियो भन्ने ऐतिहासिक दस्तावेजले पुष्टि गरेको बताइन्छ ।

# नेपालमा पाठेघरको क्यान्सरले दैनिक चारजनाको मृत्यु


बनियानी (झापा), १५ माघ/रासस

नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण दैनिक चारजनाको मृत्यु हुने गरेको छ ।

नेपालमा महिलामा हुने क्यान्सरमध्ये स्तन क्यान्सरपछि दोस्रो स्थानमा रहेको पाठेघरको मुखको क्यान्सर बर्सेनि दुई हजार १६९ जनालाई हुने गरेको जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत प्रकाश पाठकले जानकारी दिए । तीमध्ये ६१ प्रतिशत अर्थात् एक हजार ३१३ जनाको बर्सेनि मृत्यु हुने गरेको उनले बताए ।

ह्युमन पापिलोमा भाइरस (एचपिभी)का दुई सयभन्दा बढी प्रजातिमध्ये १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने मुख्य कारक हुन् । जिल्लामा माघ २२ देखि २९ गतेसम्म एचपिभी खोप अभियान सञ्चालन गर्न लागिएको छ ।

खोप अभियान अन्तर्गत जिल्लाका १५ वटै स्थानीय तहका विद्यालयभित्र र विद्यालयबाहिर रहेका ५४ हजार ९९९ छात्रा तथा किशोरीलाई एचपिभी खोप



लगाइने स्वास्थ्य कार्यालयले जनाएको छ ।

झापामा एचपिभी खोप अभियानका लागि ७५५ खोप केन्द्र, ७८१ जना स्वास्थ्यकर्मी र एक हजार ५१५ जना स्वयंसेविका परिचालन हुनेछन् । ७५५ खोप केन्द्रमध्ये ५५७ विद्यालय, १४० स्वास्थ्य संस्था र ४० वटा बाह्य केन्द्र रहनेछन् ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले सन् २०३० सम्ममा यो रोग निवारणका लागि एकीकृतरूपमा तीन तहको उपाय अवलम्बन गर्न सिफारिश गरे अनुसार नेपाल सरकारले १० देखि १४ वर्षसम्मका किशोरीलाई खोप लगाउने भएको हो ।

गत आर्थिक वर्ष २०८०/८१ मा सातवटै प्रदेशका १० हजार बालिकालाई एचपिभी खोप लगाइएको थियो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार महिलामा हुने क्यान्सरमध्येमा पाठेघरको मुखमा हुने क्यान्सर चौथो मुख्य क्यान्सरको रूपमा देखिएको छ । विश्वमा हरेक वर्ष पाँच लाख ७० हजार महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ भने यो रोगबाट हरेक वर्ष तीन लाख ११ हजार (५५ प्रतिशत) महिलाको मृत्यु हुने गरेको छ ।




**अयोध्याधामः** चितवनको माडीमा रहेको अयोध्याधाम एवं श्रीराम मन्दिर । अयोध्याधाम पछिल्लो समय धार्मिक पर्यटकीयस्थलको रूपमा विकास हुँदै गएको छ ।
तस्बिरः सनद अधिकारी/रासस

## फरक समाचार

# उत्तराखण्डमा युसिसी लागू गरिंदै

उत्तराखण्ड भारतको पहिलो राज्य बनेको छ, जहाँ समान नागरिकसंहिता (युसिसी) लागू गरिंदैछ । मुख्यमन्त्री पुस्करसिंह धामीका अनुसार युसिसीबाट




राज्यमा समानता आउने र सबै नागरिकले समान अधिकार र जिम्मेवारी पाउनेछन्, चाहे नागरिक कुनै पनि धर्म वा समुदायका किन नहुन् । समान नागरिकसंहिता लागू भएपछि त्यहाँ यसको कस्तो प्रभाव पर्नेछ, विवाहित जोडी र लिभ–इन रिलेशनमा बस्नेहरूमाथि कस्तो प्रभाव पार्नेछ, यसबारे चर्चा हुन थालेको छ ।

**के हो समान नागरिकसंहिता (युसिसी):** समान नागरिकसंहिता यस्तो कानून हो, जुन सबै नागरिकको लागि समान कानूनी ढाँचा तयार गर्ने कोशिश गर्दछ, चाहे ती कुनै धर्म वा समुदायबाट किन नहुन् । यसको उद्देश्य विवाह, सम्बन्धविच्छेद, सम्पत्ति अधिकार, वारेस र कुनै बच्चालाई पाल्नेजस्ता विभिन्न व्यक्तिगत कानूनलाई समान बनाउने हो । यसको मुख्य उद्देश्य समानता ल्याउनु हो र सबै नागरिक एउटै कानूनको अधीनमा छन् भन्ने कुरा सुनिश्चित गर्नु हो ।

**युसिसीको मुख्य विशेषताः** विवाह र पञ्जीकरणको आवश्यकताः विवाह र लिभ–इन सम्बन्धको अनिवार्य पञ्जीकरण गरिनेछ । यस प्रकारको सम्बन्धलाई कानूनी मान्यता दिइनेछ र नागरिकलाई सुरक्षा प्रदान गरिनेछ ।

**बहु/बालविवाहमाथि प्रतिबन्धः** यस नयाँ कानूनले बहुविवाह र बाल विवाहमा कडा प्रतिबन्ध लगाइने छ । यो कदम भनेको महिलाको अधिकार र बच्चाको रक्षा गर्नु हो ।

**विवाह गर्ने कानूनी उमेरः** अहिलेसम्म भारतमा विवाहको लागि केटीको उमेर १८ र केटाको उमेर २१ वर्ष छ । तर युसिसी अन्तर्गत विवाहको कानूनी उमेर २१ वर्ष तय गरिएको छ । यो दुवै लिङ्गको लागि समान छ । यसको उद्देश्य विवाह गर्नु अघि व्यक्ति राम्ररी शिक्षित र मानसिकरूपमा तयार गराउने हो ।

**लिभ–इन रिलेशनः** युसिसी अनुसार लिभ–इन रिलेशनको अनिवार्य रजिस्ट्रेशन गराउनुपर्नेछ । यदि लिभ–इन रिलेशनमा रहेका व्यक्तिको उमेर २१ वर्षभन्दा कम छ भने उनीहरूले मातापिताको सहमति लिनुपर्छ । यदि कसैले लिभ–इन रिलेशन दर्ता गर्दैनन् वा गलत जानकारी दिन्छन् भने उनीहरूमाथि भारु २५ हजार जरिवाना हुने र तीन महीना जेल सजाय हुने उल्लेख छ ।

**कानूनको दायराः** यो कानून केवल उत्तराखण्डका बासिन्दाहरूको लागि मात्र लागू हुँदैन, राज्यबाहिर बस्नेहरूमाथि पनि लागू हुनेछ ।

# बन्द नाक खोल्ने तरीका

चीसो मौसममा धेरैजनाको नाक बन्द हुने समस्या हुन्छ । नाक बन्द भएपछि सास फेर्न गाह्रो हुन्छ र दिनभरि काम गर्ने ऊर्जा पनि नष्ट हुन्छ । तर केही घरेलु उपचार गरेर बन्द नाक सजिलै खोल्न सकिन्छ । यी उपायहरू प्रभावकारी मात्र होइन, तत्काल राहत पनि प्रदान गर्छ ।



**बाफ लिनेः** बाफ लिनु नाक खोल्ने सबैभन्दा प्रभावकारी तरीका हो । यसको लागि ठूलो भाँडामा तातो पानी लिनुहोस् र यसमा थोरै भिक्स वा सञ्चोको तेल थप्नुहोस् । टाउकोमा एउटा तौलिया छोपेर स्टीम लिनुहोस् । यो उपचारबाट बन्द नाक तत्काल खुल्छ र साइनसलाई सफा गर्न पनि मदत गर्दछ । दिनको दुईदेखि तीनपटक यो प्रक्रिया गर्नुपर्छ ।

**तातो पानी र मह सेवनः** तातो पानीमा एक चम्चा मह मिसाएर पिउँदा नाक खोल्न मदत गर्दछ । महमा एन्टिब्याक्टेरियल र र एन्टिभाइरल गुण हुन्छ, जसले रुघाखोकीको भाइरस हटाउँछ । दिनमा तीनपटक मह पानी पिउनुपर्छ ।

**नुन–पानी कुल्लाः** नून र मनतातो पानीले कुला गर्दा बन्द नाकलाई राहत प्रदान गर्दछ । एक गिलास पानीमा एक चम्चा नुन थपेर दिनमा दुईपटक कुल्ला गर्नुपर्छ । यो उपायबाट सङ्क्रमण घटाउँछ ।

**अदुवा र तुलसीको चियाः** अदुवा र तुलसीको औषधीय गुणले रुघाखोकी हटाउन मदत गर्छ । अदुवा, तुलसीको चिया बनाएर त्यसमा केही मह मिसाएर पिउँदा बन्द नाक खुल्नुका साथै शरीरको प्रतिरोध क्षमता पनि बढ्छ ।

**तोरीको तेलः** बन्द नाक खोल्ने प्रभावकारी उपायमध्ये तोरीको तेल पनि हो । यसमा एन्टिब्याक्टेरियल र एन्टिभाइरल गुण हुन्छ । तोरीको तेललाई मनतातो गरेर नाकको दुवै प्वालमा राख्नुपर्छ । यस उपायबाट तुरुन्तै नाक खुल्छ । यो उपाय दिनमा दुईपटक गर्नुपर्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# १५ सेकेन्डमा १०० क्यालोरी कम गर्ने उपाय



# अन्तर्राष्ट्रिय समाचार

## भारतीय धार्मिक समारोहमा प्लेटफर्म भत्किँदा ५ जनाको मृत्यु


तस्वीरः एजेन्सी

भारत, १५ माघ/एएफपी

उत्तरी भारतमा मङ्गलवार धार्मिक जमघटका क्रममा काठको प्लेटफर्म भत्किंदा कम्तीमा पाँचजना भक्तजनको मृत्यु भएको र ४० जना घाइते भएको एक अधिकारीले बताएका छन् ।

यो घटना राजधानी नयाँ दिल्लीको उत्तरमा रहेको बागपत जिल्लामा भएको हो। त्यहाँ जहाँ जैन धर्मका सयौं भक्तजन मिठाइ चढाउन एक मन्दिरमा भेला भएका थिए ।

"एउटा काठको संरचना भत्किंदा पाँचजनाको मृत्यु भएको छ," जिल्ला प्रशासक अस्मिता लालले भनिन्, "अन्य ४० जना घाइते भएका छन्, तीमध्ये २० जनालाई प्राथमिक उपचारपछि घर पठाइएको छ ।"

जैन देवता आदिनाथको मोक्षको स्मरणमा हरेक वर्ष यस पर्वको अवसरमा यो प्लेटफर्म निर्माण गरिने एनडिटिभी समाचार नेटवर्कले जनाएको छ ।

"पुजारीहरू लड्डु चढाउन गएका थिए र प्लेटफर्म त्यसमाथि रहेका सयौं भक्तजनसहित भत्कियो," भक्तजनमध्ये एक राकेश जैनले प्रसारणकर्तालाई भने।

भीड व्यवस्थापन र सुरक्षा कमजोरीका कारण प्रमुख धार्मिक पर्वहरूको समयमा भारतका पूजास्थलहरूमा घातक दुर्घटनाहरू सामान्य छन् ।

गत वर्ष उत्तर प्रदेश राज्यमा एक धार्मिक प्रवचनको अन्त्यमा भएको भागदौडमा १२१ जनाको मृत्यु भएको थियो ।

अर्को घटनामा सन् २०१६ मा दक्षिणी केरल राज्यको एक मन्दिरमा हिन्दू नयाँ वर्षको अवसरमा प्रतिबन्धित आतिसबाजी प्रदर्शनका कारण भएको विशाल विस्फोटमा ११२ जनाको मृत्यु भएको थियो ।

मङ्गलवारको दुर्घटना नजीकैको शहर प्रयागराजमा आयोजित प्रार्थना र अनुष्ठान स्नानको हिन्दू पर्व महाकुम्भ मेलामा लाखौं भक्तजन सहभागी भइरहेका बेला भएको हो ।

जैन धर्म भारतको एक प्राचीन धर्म हो । यो धर्मलाई भारतको एक अर्ब २५ करोड जनसङ्ख्याको एक प्रतिशतभन्दा कम मानिसले मान्छन् । यस धर्मले अहिंसा, कडा शाकाहारिता र सबै जीवजन्तुप्रति प्रेमको शिक्षा दिन्छ । रासस

## टिकटक अधिग्रहण गर्न माइक्रोसफ्ट वार्तामा रहेको ट्रम्पको भनाइ

वाशिङ्टन, १५ माघ/एएफपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमवार माइक्रोसफ्ट टिकटक अधिग्रहणको वार्तामा रहेको बताएका छन् । यद्यपि अमेरिकामा यस एपको भविष्य अनिश्चित रहेको छ ।

टिकटकले अमेरिकी कानूनको सामना गरिरहेको छ। अमेरिकी कानूनले कम्पनीलाई आफ्नो चिनियाँ मालिक बाइटडान्सबाट अलग गर्न वा संयुक्त राज्य अमेरिकामा प्रतिबन्धित हुन आदेश दिएको छ ।

सोमवार राति माइक्रोसफ्ट टिकटक अधिग्रहणको वार्तामा छ कि भनेर सोधिएको प्रश्नमा ट्रम्पले एयर फोर्स वनमा पत्रकारहरूसँग भने–"म हो भन्छु, टिकटकमा धेरै चासो छ, टिकटकमा ठूलो रुचि छ ।"

उनले एउटा 'बोलकबोल युद्ध' पनि राम्रो विकास हुने टिप्पणी गरे ।

चिनियाँ सरकारले अमेरिकीहरूको जासुसी गर्न वा अमेरिकी जनमतलाई गोप्यरूपमा प्रभाव पार्न सक्ने चिन्ताका कारण भिडियो–शेयरिङ प्लेटफर्ममाथि प्रतिबन्ध लगाउने कानून जनवरी १९ देखि लागू भएको थियो ।

तर ट्रम्पले बेइजिङसँग समाधान खोज्दै यसको कार्यान्वयन अढाई महीनाका लागि स्थगित गरेका छन् ।

सिएफआरए रिसर्चका एन्जेलो जिनोका अनुसार माइक्रोसफ्ट सम्भावित खरीदकर्ताहरूमध्ये एक हो, जसको टिकटकमा लगानी गर्ने कारण हुनेछ ।

माइक्रोसफ्टको 'डिजिटल विज्ञापन क्षेत्रमा अझ बढी स्थापित हुने इच्छा रहेको' उनको विश्वास छ ।

कानूनको म्याद नजीकिंदै गर्दा टिकटक संयुक्त राज्य अमेरिकामा अस्थायीरूपमा बन्द भएको थियो ।

ट्रम्पले पद सम्हाल्नेबित्तिकै 'सम्झौता गर्न' समय दिन प्रतिबन्ध विलम्ब गर्ने कार्यकारी आदेश जारी गर्ने वाचा गरे ।

त्यसपछि ट्रम्पलाई श्रेय दिंदै टिकटकले देशमा सेवा पुनर्स्थापित गऱ्यो। यद्यपि बाहिरिँदै गरेको बाइडेन प्रशासनले कुनै प्रतिबन्ध लागू नगर्ने बताएको थियो।

आफ्नो पहिलो ह्वाइट हाउस कार्यकालमा ट्रम्पले राष्ट्रिय सुरक्षाको चिन्ताका कारण संयुक्त राज्य अमेरिकामा टिकटक प्रतिबन्ध गर्ने प्रयास गरेका थिए । रासस

## गाजाका बासिन्दाको इजिप्ट र जोर्डनमा बसाइँ सार्ने इच्छा दोहोऱ्याउँदै ट्रम्प

वाशिङ्टन, १५ माघ/एएफपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमवार गाजाका प्यालेस्टिनीहरूलाई इजिप्ट वा जोर्डनजस्ता 'सुरक्षित' स्थानहरूमा सार्ने इच्छा दोहोऱ्याएका छन्। साथै उनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँग वाशिङ्टनमा चाँडै नै भेट गर्ने बताएका छन् ।

उनले शनिवार इजरायल र हमासबीच १५ महीनाभन्दा बढी चलेको युद्धले प्यालेस्टिनी क्षेत्रलाई 'भग्नावशेष' मा परिणत गरेपछि गाजा 'सफा गर्ने' विचार अघि सारेका थिए ।

"म तिनीहरूलाई विनाअवरोध र क्रान्ति र हिंसाविना बस्न सक्ने क्षेत्रमा बसोवास गराउन चाहन्छु"–ती टिप्पणीबारे सोध्दा ट्रम्पले सोमवार साँझ एयर फोर्स वनमा पत्रकारहरूलाई भने–"तपाईंलाई थाहा छ, जब तपाईं गाजा पट्टीलाई हेर्नुहुन्छ, यो धेरै वर्षदेखि नर्क जस्तै छ... यससँग सधैं हिंसा जोडिएको छ ।"

दुई राज्य समाधानका लागि यसको अर्थ के हुन्छ भन्ने प्रश्नमा उनले नेतन्याहुसँग निकट भविष्यमा भेट गर्ने बताए। "उहाँ मसँग भेट गर्न यहाँ आउँदै हुनुहुन्छ"–उनले भने ।

ट्रम्पले हालैका दिनमा जोर्डनका राजा अब्दुल्लाह द्वितीय र इजिप्टका राष्ट्रपति अब्देल फताह अल–सिसीसँग पनि वार्ता गरेका छन्। अल–सिसीले ऐतिहासिकरूपमा प्यालेस्टिनीहरूलाई विस्थापित गर्ने कुराको विरोध गर्दै आएका छन् ।

"म उहाँले केही लिनुहुन्छ भन्ने चाहन्छु,"–ट्रम्पले अल–सिसीबारे भने–"हामीले उहाँहरूलाई धेरै मदत गऱ्यौं र म पक्का छु, उहाँले हामीलाई मदत गर्नुहुनेछ, जसरी उहाँहरू भन्नुहुन्छ, यो एक कठिन छिमेकी हो, तर म सोच्छु उहाँले यो गर्नुहुनेछ र म सोच्छु जोर्डनका राजाले पनि यो गर्नुहुनेछ ।"

सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमा गरेको आक्रमणले प्रेरित युद्धले गाजापट्टीका करीब २४ लाख बासिन्दा विस्थापित भएका छन् ।

पछिल्लो छ हप्तादेखि युद्धविराम चलिरहेको छ । युद्धविरामले गाजामा रहेका करीब १,९०० प्यालेस्टिनी कैदीको सट्टा ३३ जना बन्धकलाई रिहा गर्न अनुमति दिइएको छ ।

यो पहिलो चरणको वार्तामा दोस्रो चरणका शर्तहरू अन्तिम बन्धकहरूलाई मुक्त गर्ने र युद्धलाई निश्चित अन्त्यमा ल्याउने उद्देश्यका साथ वार्ता गर्नुपर्नेछ ।

अन्तिम चरणमा गाजाको पुनर्निर्माण र बन्धकमा मृत्यु भएकाहरूको शव फिर्ता गर्ने काम समावेश हुनेछ ।

पूर्वराष्ट्रपति जो बाइडेनको प्रशासनले गाजा युद्ध–पश्चात् विभिन्न योजनाहरू तयार गरेको थियो तर ट्रम्पले अहिलेसम्म तिनको कुनै उल्लेख गरेका छैनन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – राज्यभय |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – शत्रुभय | कन्या – कार्यनाश |
| तुला – भयचिन्ता | वृश्चिक – विजय |
| धनु – धनखति | मकर – भाग्योदय |
| कुम्भ – बेचैनी | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### कम्पनीको नाम परिवर्तनबारे सूचना

***प्रथमपटक प्रकाशित मितिः २०८१/१०/१५ गते***

यस कम्पनीको मिति २०८१/०८/११ मा सम्पन्न वार्षिक विशेष साधारणसभाको निर्णय अनुसार साबिकको कम्पनी सिटी पब्लिक कलेज प्रा.लि. (प्रा.लि. नं ७३१०१) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु, बेहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने बेहोर्नेगरी कम्पनी रजिस्टारको कार्यालयको मिति २०८१/१०/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सिटी स्कूल (City School Pvt. Ltd.) कायम गरिएको जानकारी गराइन्छ ।




**किङफिसर चराः** गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा देखिएको सेतो कण्ठे माटीकोरे (ह्वाइट थ्रोटेड किङफिसर) चरा । यो चराले माछा समाउन सक्ने अद्भुत क्षमता भएकोले किङफिसर चराको उपमा पाएको हो ।
तस्बिरः राधेश्याम विश्वकर्मा/रासस

## नवनिर्वाचित पदाधिकारीको शपथग्रहण

प्रस, वीरगंज, १५ माघ/

नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाको नवनिर्वाचित कार्यसमितिको शपथग्रहण कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज महानगरपालिका–५ रेशमकोठीस्थित उपशाखा भवनमा भएको शपथग्रहण कार्यक्रममा निर्वाचन अधिकृत महन्तप्रसाद यादवले नवनिर्वाचित पदाधिकारीहरूलाई शपथग्रहण गराएका थिए ।

नेरेसो उपशाखा रेशमकोठीका नवनिर्वाचित पदाधिकारीहरू सभापति डा जीतेन्द्र आश्वानी, उपसभापति सरीताकुमारी यादव, कोषाध्यक्ष नवनीत अग्रवाल, सहकोषाध्यक्ष अभिलाष गुप्ता, सहसचिव राजकुमार साह, सदस्यहरू नरेन्द्रकुमार शाह, प्रकाशकुमार उपाध्याय, मुना खनाल, रामसुदिष्टलाल कर्णलगायतलाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो ।

कार्यक्रममा वडाध्यक्ष प्रदीपकुमार



चौरसिया, रेशमकोठी उपशाखाका निवर्तमान सभापति नारायण यादव, भागवत चौधरी, अमन पटेललगायतको सहभागिता थियो ।

### वीरगंज भन्सार ...

८.३२, भटमासको कच्चा तेल १०.१९ प्रतिशत, एटिएफ ५.७४, प्लास्टिक कोटेड पेपर ३५.३४, केबुल तथा तारहरूको १५.९६ प्रतिशतले आयात घटेका छन् ।

गत आवको अर्धवार्षिक अवधिको तुलनामा यस आवको सोही अवधिमा सूर्यमुखीको प्रशोधित तेल, सेन्थेटिक यार्न, पशु आहाराको कच्चा पदार्थ, कुकुर/बिरालोको खाना, भटमासको प्रशोधित तेल, विभिन्न किसिमका कपडाहरू र सेन्थेटिक कपडाको निर्यातमा वृद्धि भएको वीरगंज भन्सारले जनाएको छ ।

### स्वच्छता ...

भुक्तानी लिएको छ । यस ठेक्काको सम्झौता अवधि पनि समाप्त भइसकेको छ । यसैगरी, बाराको ब्रह्मापुराको खेकरियामा भौतिक निर्माण कार्यका लागि सुनकोशी कन्स्ट्रक्शनले तीन करोड ७० लाख ३६ हजार ७६३ रुपैयाँमा २०७७ फागुन १० मा ठेक्का सकार गरेको र यसको कार्यप्रगति २५.२१ प्रतिशतभन्दा बढी हुन सकेको छैन। ठेकेदार कम्पनीले ९३ लाख ३८ हजार ५२० रुपैयाँ भुक्तानी लिइसकेको छ । मुर्ली बगैंचास्थित पोखरीको सौन्दर्यीकरणको लागि दुई करोड पाँच लाख ४१ हजार २१० रुपैयाँमा विकोई/किशोर जेभीले २०७७ फागुन ११ मा सम्झौता गरेको भएपनि अहिलेसम्म यसको कार्य शुरू भएको छैन ।

मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पर्सा र बाराका यी आठवटा योजनाका समयावधि सकिएको एक वर्ष बढी भइसक्यो तर अहिलेसम्म म्याद पनि थप गरिएको छैन भने कार्यप्रगति पनि अगाडि बढ्न सकेको छैन ।

### चुरे ...

ल्याएको सङ्कटको गम्भीर दुष्परिणाम बढ्दो अनुपातमा बर्सेनि नेपालले भोग्नुपरेका बेला हामीले हाम्रा हिमाल, पहाड र चुरे मधेस क्षेत्रका संवेदनशील पारिस्थितिकीय प्रणालीलाई क्षति पुऱ्याउने गरी अपरिपक्व नीतिगत निर्णय गर्नु वातावरणीय अपराध हुने पूर्ववनमन्त्री आचार्यले धारणा राखे। चुरे संरक्षणमा सरकारको प्रतिबद्धतामा कमी आउनु र प्राथमिकता घटेको सन्देश अन्तर्राष्ट्रियस्तरमा जानु देशका लागि ठूलो क्षति हुने उनको प्रतिक्रिया छ ।

"वनसम्पदा र जैविक विविधता संरक्षणमा मुलुकले हासिल गरेका उपलब्धिका लागि अन्तर्राष्ट्रिय प्रशंसा तथा छिमेकी भारत र चीनसँग द्विपक्षीय साझेदारीका कैयन आयोजनाले, कार्बन व्यापारको विश्वव्यापी सञ्जालमा हाम्रो आबद्धता र इसिमोडमार्फत बहुपक्षीय सहकार्यले पर्यावरण संरक्षणमा नेपालको व्यक्तित्व र जिम्मेवारी वैश्विकस्तरको बनेको छ"–उनले भने–"नेपालको यो परिचय र प्रयास गुम्नुहुँदैन। चुरेको अवैध दोहन र व्यापारबाट लाभ उठाउनेलाई मात्र संरक्षण अभियानमा आउने शिथिलताले फाइदा पुग्नेछ ।"

आचार्य वनमन्त्री भएका समयमा उनकै सिफारिशबमोजिम २०७१ साल असार २ गते विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी 'राष्ट्रपति चुरे–तराई–मधेस संरक्षण विकास समिति (गठन) आदेश २०७१ जारी गरिएको थियो ।

**विघटन गर्ने दिशामा जानुहुँदैनः पूर्वअध्यक्ष खनाल**

समितिको पहिलो अध्यक्षसमेत रहेका अर्थविज्ञ रामेश्वर खनालले पनि समिति खारेज गर्ने निर्णय गर्नु गलत हुने भन्दै आपत्ति जनाए । "समितिमा रहेका व्यक्तिहरूद्वारा योजना अनुसार काम नभए हटाएर विज्ञलाई नियुक्त गर्न सकिन्छ, तर विघटन गर्ने दिशामा जानुहुँदैन"–उनले भने–"समितिलाई कानूनी अधिकार दिएर चुरेका महत्त्व बुझेका विज्ञहरूलाई ल्याउन जरुरी छ।"

पूर्वअध्यक्ष खनालले सही तरीकाले गुरुयोजना कार्यान्वयन गर्नुपर्ने, प्रदेश सरकारको भूमिका बढाउन उनीहरूको पनि प्रतिनिधित्व हुनेगरी पुनःसंरचना गर्न आवश्यक रहेको सुझाव दिए ।

**समिति नै अनभिज्ञ**

समिति खारेजीका विषयमा बोर्डका पदाधिकारीसँग कुरा गर्दा यस विषयमा अनभिज्ञ भएको प्रतिक्रिया दिएका छन्। बोर्ड अध्यक्ष डा किरण पौडेलले सञ्चारमाध्यमबाट सोबारे जानकारी पाएको भन्दै समिति खारेजीको विषयमा आधिकारिक जानकारी नभएको बताए।

बोर्ड सदस्य कमला ओली शिवाकोटीले प्रधानमन्त्री केपीशर्मा ओलीले समिति खारेजीबारे भइरहेको छलफलका सङ्क्षिप्त जानकारी दिएको भन्दै निर्णय भने भइ नसकेको जानकारी दिइन् ।

**सरोकार भएकाको दुई मत**

समिति खारेजी गर्न हुने वा नहुने विषयमा सरोकार भएकाहरूको दुई मत देखिएको छ। सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का अध्यक्ष ठाकुर भण्डारीले जनताको हितविपरीत समितिले काम गरेको आरोप लगाउँदै खारेज हुनुपर्ने प्रतिक्रिया दिए । "चुरेको लगानी बालुवामा पानी भएको छ । समुदायलाई बाहिर राखेर चुरे संरक्षण हुन्छ"–उनले प्रश्न गरे ।

चुरेविद् विजय सिंहले समितिमा भएको कमीकमजोरी सच्याएर अगाडि बढ्न जोड दिंदै समिति खारेज गर्न नहुने सुझाव दिए। "समितिको कमीकमजोरी भएर सरकारले यस्तो निर्णय गर्न लागेको होला । तर त्यो कमीकमजोरी कसरी समाधान गर्ने भनेर लाग्ने हो, खारेज गर्नु विकल्प होइन"–उनले भने ।

चुरे तथा वन जङ्गल संरक्षण अभियान नेपालका राष्ट्रिय संयोजक तथा चुरे अभियन्ता सुनील यादवले समिति खारेजीले चुरे संरक्षणमा असर पुग्ने भन्दै यसको संरचना परिवर्तन गर्न नहुने प्रतिक्रिया दिए । "राष्ट्रपतिका नामबाट बनेको चुरे समितिले चुरेको संरक्षण गर्दै मधेस र तराईलाई सुरक्षा गरिरहेको छ। समितिमा भ्रष्टाचार भएको छ भने त्यस्ता व्यक्तिलाई कारबाई गर्ने हो, समिति खारेजी गरेर चुरेवासीमाथि अन्याय गर्नुहुँदैन"–उनले भने–"समितिलाई थप सशक्त र प्रभावकारी बनाउन आवश्यक छ।"

**संवैधानिक व्यवस्थालाई असरः कानुनविद्**

वरिष्ठ अधिवक्ता तथा वातावरण कानूनविज्ञ प्रकाशमणि शर्माले चुरे समिति खारेज गर्ने निर्णय भएमा संविधानको धारा ३० मा व्यवस्था भएको स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हक हनन् भई संवैधानिक व्यवस्थालाई असर पुग्ने बताए ।

"चुरे संरक्षण अत्यन्त महत्त्वपूर्ण भएकोले राष्ट्रपति कार्यक्रम अन्तर्गत राखेर गठन आदेशमार्फत समिति गठन गरिएको थियो । सरकारलाई उक्त समिति खारेज गर्ने अधिकार भए पनि चुरेजस्तो संवेदनशील क्षेत्रको संरक्षण गर्ने अधिकार पाएको समिति खारेज गर्दा चुरेका मुद्दा ओझेलमा पर्छन् । यो न्यायसङ्गत हुँदैन । यसले संवैधानिक व्यवस्थालाई असर गर्छ"–शर्माले भने । समितिलाई छुट्टै स्वायत्त निकाय बनाउन उनले जोड दिए ।

# १० लाखसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १५ माघ/

बारा प्रहरीले स्रोत नखुलेको १० लाख रुपैयाँसहित दुईजनालाई पक्राउ गरेको छ । सोमवार राति जीतपुरसिमरा उपमहानगरपालिका–१६ पैनीटोलबाट स्रोत नखुलेको १० लाखसहित दुईजनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

पर्साको सखुवाप्रसौनी गाउँपालिका–१ दोहरीटोलका ३२ वर्षीय अनिल पटवारी थारू र वीरगंज महानगरपालिका–१५ लक्ष्मणवाका ३१ वर्षीय ओमप्रकाश यादव रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय, सिमरा र अस्थायी प्रहरी पोस्ट, डुमरवानाबाट खटेको प्रहरी टोलीले कलैयाबाट विराटनगर जाँदै गरेको म.प्र.०३–००१ च ८०७३ नम्बरको पिकअप गाडी चेकजाँच गर्दा गाडीको सिटमुनि लुकाइछिपाइ राखेको अवस्थामा १० लाख नगद फेला परेको र यसबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# प्रेस सेन्टरको स्थापना दिवसमा प्रभातफेरी, रक्तदान

प्रस, वीरगंज, १५ माघ/

प्रेस सेन्टर नेपालको २१औं स्थापना दिवसको अवसरमा मङ्गलवार वीरगंजको घण्टाघरमा प्रभातफेरी निकाली नगरपरिक्रमा गरिएको छ ।




प्रेस सेन्टर पर्साका अध्यक्ष शिवनाथ यादवको अध्यक्षतामा निस्किएको प्रभातफेरी नगरपरिक्रमापछि घण्टाघरमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष ओमप्रकाश खनालले पत्रकारको हकहित र पेशागत संरक्षणको हातेमालो गरेर अगाडि बढ्न अनुरोध गरे । उनले नागरिकका समस्यालाई उजागर गर्न र सुसूचित गराउने भूमिकालाई पूरा गर्न एकढिक्का हुनुपर्ने बेला आएको बताए ।

कार्यक्रममा प्रेस सेन्टरका केन्द्रीय सदस्य नीरज पिठाकोटे मगर, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश सचिव दीपक गौतम, पत्रकार महासङ्घ पर्साका सचिव विजय चौहानलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण प्रेस सेन्टर पर्साका सचिव अजित भुजेलले गरेका थिए ।

यसैगरी, प्रेस सेन्टरले आयोजना गरेको आकस्मिक रक्तदान कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र, वीरगंजमा भएको आकस्मिक रक्तदान कार्यक्रमको उद्घाटन नेपाल रेडक्रस सोसाइटी, पर्साका सभापति वीरेन्द्रराज कँडेलले गरेका थिए ।

# १४ महिलासहित ५३ जनाद्वारा रक्तदान




प्रस, वीरगंज, १५ माघ/

साउथजोन माविको १६औं वार्षिकोत्सवको अवसरमा १४ महिलासहित ५३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

मङ्गलवार विद्यालय परिसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा सीता देवी, रोशनी श्रेष्ठ, पवित्रा अधिकारी, सरीता झा, निशाकुमारी साह, सञ्जना देवी, समिता सिलवाल, रामचन्द्र चौधरी, सन्तोषकुमार यादवलगायतले रक्तदान गरेका थिए ।

विद्यालयका सञ्चालक सरोजप्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी वीरगंज शाखाका सभापति वीरेन्द्रराज कँडेल, अभिलाष गुप्तालगायतको सहभागिता थियो ।

# कपडा बैंकलाई कपडा सहयोग

प्रस, वीरगंज, १५ माघ/

युनाइटेड नेपाल फाउन्डेशन, वीरगंजले मङ्गलवार वीरगंज कपडा बैंकलाई कपडा प्रदान गरेको छ । फाउन्डेशनका अध्यक्ष आकाश दास, सचिव पियुष अग्रवाल र कार्यक्रम संयोजक कुणाल श्रीवास्तवले तीन बोरा र दुई झोला कपडा बैंकका अध्यक्ष लालबाबू सिंहलाई हस्तान्तरण गरेका थिए । कार्यक्रममा कपडा बैंकका कोषाध्यक्ष मनोज मिश्र र कर्मचारी शोभा देवीलगायतको सहभागिता थियो।









# वडाध्यक्ष चौरसियाद्वारा तीर्थयात्रीहरूको बिदाइ

प्रस, वीरगंज, १५ माघ/

वीरगंज महानगरपालिका वडा नं ५ का अध्यक्ष प्रदीपकुमार चौरसियाले महाकुम्भ मेलामा प्रस्थान गर्ने तीर्थयात्रीहरूलाई



मङ्गलवार बिदाइ गरेका छन् ।

कुम्हालटोल, रेशमकोठी, जेलटोलका करीब ९० जना तीर्थयात्रीलाई आज एक कार्यक्रमका बीच वडाध्यक्ष चौरसियाले टीका, माला, गम्छा लगाएर बिदाइ गरेका हुन् ।

दुईवटा बसबाट तीर्थयात्रीहरू भारतको प्रयागराज, विन्ध्याचलधाम, वराणसी, अयोध्या, महाकुम्भ मेलामा जान लागेको वडाध्यक्ष चौरसियाले जानकारी गराए ।

# खेलकूदको संसार

## एनआई कपको फाइनलमा ग्लोबल र ज्ञानदा भिड्ने

प्रस, परवानीपुर, १५ माघ/

नेशनल इन्फोटेक कपको फाइनलमा वीरगंजको ग्लोबल बिजनेश कलेज र ज्ञानदा एकेडेमी भिड्ने भएका छन् । वीरगंजको नारायणी क्रिकेट मैदानमा मङ्गलवार सम्पन्न दुईवटा सेमिफाइनल खेलमा यी दुई टीम विजयी भई फाइनलमा प्रवेश गरेका हुन् । पहिलो खेलमा ग्लोबलले सेन्ट जेभियर्स माविलाई २९ रनले पराजित गरी विजयी भएको थियो भने दोस्रो




खेलमा ज्ञानदाले वीरगंज पब्लिक कलेजलाई नौ विकेटले पराजित गर्दै खेल जितेको थियो ।

पहिला ब्याटिङ गरेको ग्लोबलले निर्धारित ११ ओभरमा पाँच विकेटको क्षतिमा ८९ रन बनाएको थियो । ग्लोबलका कर्णबहादुर विश्वकर्माले ३६ र आदर्श भण्डारीले १३ रनको योगदान दिएका थिए भने सेन्ट जेभियर्सका इमरान अन्सारीले दुई र राजु महतोले एक विकेट लिएका थिए । ९० रनको विजयी लक्ष्य लिएर मैदानमा उत्रेको सेन्ट जेभियर्सका ब्याटर्सहरू आज खेल्न सकेनन् । ११ ओभरको निर्धारित खेलमा आठ विकेटको क्षतिमा सेन्ट जेभियर्स मात्र ६० रनमा सीमित रह्यो । सेन्ट जेभियर्सका असीम अन्सारीले २२ र सगीर मियाँले १० रन बनाएका थिए भने ग्लोबलका कर्णबहादुर विकले दुई र रामकुमार मुखियाले एक विकेट लिएका थिए ।

त्यसैगरी, दोस्रो खेलमा पहिला ब्याटिङ गरेको बिपिसीले निर्धारित २० ओभरको खेलमा १५.१ ओभर खेल्दै १० विकेटको क्षतिमा ६८ रन बनायो । जसमा बिपिसीका अरसद हुसेनले २५ र अफजल अन्सारीले १० रन बटुलेका थिए भने ज्ञानदाका कन्हैयाकुमारले चार र रविन कुम्हालले दुई विकेट लिएका थिए । ६९ रनको विजयी लक्ष्य पाएको ज्ञानदाले ७.२ ओभरमा एक विकेटको क्षतिमा उक्त लक्ष्य भेट्टाएको थियो । ज्ञानदाका विवेक प्रजापतिले ४० र कार्तिक पटेलले ११ रनको योगदान दिएका थिए भने बिपिसीका रोहित सर्राफले एक विकेट लिएका थिए ।

पहिलो खेलमा ग्लोबलका कर्णबहादुर विक र दोस्रो खेलमा ज्ञानदाका कन्हैया कुमार आजको खेलका उत्कृष्ट खेलाडी घोषित भए । यो प्रतियोगिताको फाइनल खेल माघ १७ गते बिहीवार हुनेछ ।

## दोस्रो कोइलाभार नकआउटः सिमरा युनाइटेड विजयी

बलिराम शुक्ला, बिरुवागुठी, १५ माघ/



पर्साको पर्सागढी नगरपालिका वडा नं १ कोइलाभारमाई खेलमैदानमा जारी दोस्रो कोइलाभारमाई नकआउट फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको खेलमा सिमरा युनाइटेड क्लब, बारा सडेनडेथमा विजयी भएको छ ।

कोइलाभारमाई युवा क्लब, मनवाद्वारा आयोजित प्रतियोगितामा आज सिमरा युनाइटेड क्लब र जनकल्याण युवा क्लब, बकुलिया, बाराबीच भएको खेलमा दुवै टीमले निर्धारित समयमा एक/एक गोलको बराबरी खेलेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा पनि दुवै टीमबाट बराबरी गोल भएपछि सडेनडेथमा सिमरा विजयी भएको हो ।

सडेनडेथ अन्तर्गत बकुलियाका खेलाडीले हानेको बल सिमराका गोलकीपरले समाउन पुगेपछि सिमरा युनाइटेड क्लब विजयी भएको हो ।

आजको खेलको 'म्यान अफ दी म्याच' सिमरा युनाइटेड क्लबका गोलकीपर युनिस चौधरी भए । उनलाई आयोजकले नगदसहित मेडलले सम्मानित गरेको थियो ।

भोलिको पहिलो सेमिफाइनल खेल मौवादेवी युवा क्लब, बडहर्वा, बारा र पर्सागढी युवा स्पोर्ट्स क्लब, बडनिहारबीच हुने आयोजक समितिका सदस्य दीपक दास थारूले बताएका छन् ।

## अन्तरविद्यालय बाल फूटबलको उपाधि लिटिल फ्लावरले उचाल्यो

प्रस, वीरगंज, १५ माघ/

अन्तरविद्यालय बाल फूटबलको उपाधि लिटिल फ्लावर माविले उचालेको छ । मङ्गलवार भएको फाइनल खेलमा लिटिल फ्लावर माविले एसआर ग्यालेक्सीलाई शून्यका विरुद्ध दुई गोलले पराजित गरेको हो ।




गौतम माविको ४८औं वार्षिकोत्सवको अवसरमा माघ १० गतेदेखि शुरू भएको अन्तरविद्यालय बाल फूटबल प्रतियोगिता अन्तर्गत आज फाइनल खेल भएको हो ।

प्रतियोगिता समापन कार्यक्रममा वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले विद्यार्थीहरूको लागि हरेक प्रकारका खेल आयोजना हुनुपर्नेमा जोड दिए ।

प्रतियोगितामा उत्कृष्ट गोलरक्षक एसआर ग्यालेक्सी माविका गोलरक्षक करण यादव घोषित भए । त्यस्तै, उत्कृष्ट डिफेन्डर लिटिल फ्लावर माविका राकेश यादव, उत्कृष्ट मिडफिल्डर सोहेल आलम, प्रतियोगिताभरि सर्वाधिक गोलकर्ता लिटिल फ्लावरका फरहान आलम र उत्कृष्ट प्रदर्शन गर्ने एसआर माविका रणभीर चौहान घोषित भएको गौतम माविका सञ्चालक सोनाम लामाले जानकारी गराए । विजयी टीम तथा उत्कृष्ट खेलाडीहरूलाई शिल्ड, प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो ।

## स्वर्णपदक विजेता दुई खेलाडीको सम्मान

प्रस, वीरगंज, १५ माघ/

फस्ट इन्डो–नेपाल तेक्वान्दो ओपन च्याम्पियनशिप–२०२५ मा वीरगंज पब्लिक स्कूलका दुईजना विद्यार्थीले स्वर्णपदक जितेपछि मङ्गलवार विद्यालयले एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको छ ।




बिपिएसमा कक्षा ११ मा अध्यनरत सुजितकुमार यादव र रोहण पटेलले फस्ट इन्डो–नेपाल तेक्वान्दो ओपन च्याम्पियनशिप–२०२५ मा उत्कृष्ट प्रदर्शन गर्दै स्वर्णपदक जितेका थिए । आज विद्यार्थीहरूलाई कलेजले खाँदा, टीका र पुरस्कारसहित सम्मान गरेको थियो ।

कोशी प्रदेशको तेक्वान्दो सङ्घले झापाको काँकडभिट्टा टाउनहलमा आयोजना गरेको प्रतियोगितामा ५५ किलो तौल समूहमा यादव र ७४ किलो तौल समूहमा पटेल प्रथम हुँदै स्वर्ण पदक जितेको कलेजका एचआर निर्देशक सन्दीप कुशवाहाले बताए । उनले नेपाल र भारतका २२ क्लबबाट ६०० भन्दा बढी खेलाडीको सहभागिता रहेको प्रतियोगितामा वीरगंजले पाँ स्वर्ण, चार रजत र ११ कांस्य पदक जितेको उनले बताए ।